## घिरिङ गाउँपालिका

### १९ औं हिउँदे गाउँसभा

### गाउँसभा बैठक आ.व २०८२/०८३ - ०१

घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरीछाप, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

**मितिः-२०८२/०९/२५** **समय दिनको ११:०० बजे** **स्थानः गाउँपालिका सभाहल**

**उपस्थित पदाधिकारीहरुको विवरणः-**

| क्र स | पदाधिकारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री होम बहादुर थापा | गाउँपालिका अध्यक्ष | |
| २. | श्री राधा देवि अधिकारी | गाउँपालिका उपाध्यक्ष | |
| ३. | श्री कृष्ण प्रसाद ढकाल | प्रमुख प्रशासकिय अधिकृत | |
| ४. | श्री रवि चन्द घोरासिनी | १ नं वडा अध्यक्ष | |
| ५. | श्री नर बहादुर थापा | २ नं वडा अध्यक्ष | |
| ६. | श्री तहल सिंह थापा | ३ नं वडा अध्यक्ष | |
| ७. | श्री भिम बहादुर कुमाल | ४ नं वडा अध्यक्ष | |
| ८. | श्री विष्णु विर आले | ५ नं वडा अध्यक्ष | |
| ९. | श्री ईश्वरी श्रेष्ठ | कार्यापालिका सदस्य | |
| १०. | श्री सरिता वि. क | कार्यापालिका सदस्य | |
| ११. | श्री पार्वती वि. क | कार्यापालिका सदस्य | |
| १२. | श्री रिमा कुमाल | कार्यापालिका सदस्य | |
| १३. | श्री भुवन सिं वि. क | कार्यापालिका सदस्य | |
| १४. | श्री टोप बहादुर रामदाम | कार्यापालिका सदस्य | |
| १५. | श्री जगत बहादुर कुमाल | गाउँ सभा सदस्य वडा नं १ | |
| १६. | श्री मिना आले | गाउँ सभा सदस्य वडा नं १ | |
| १७. | श्री लक्ष्मी सुनार | गाउँ सभा सदस्य वडा नं १ | |
| १८. | श्री माधव चन्द | गाउँ सभा सदस्य वडा नं १ | |
| १९. | श्री सनम थापा | गाउँ सभा सदस्य वडा नं २ | |
| २०. | श्री सुक माया सुनार रामदाम | गाउँ सभा सदस्य वडा नं २ | |
| २१. | श्री धन बहादुर थापा | गाउँ सभा सदस्य वडा नं २ | |
| २२. | श्री आश बहादुर थापा | गाउँ सभा सदस्य वडा नं २ | |
| २३. | श्री लोक बबहादुर गुरुङ्ग | गाउँ सभा सदस्य वडा नं ३ | |
| २४. | श्री मनिराज थापा | गाउँ सभा सदस्य वडा नं ३ | |
| २५. | श्री मन बहादुर रानाभाट | गाउँ सभा सदस्य वडा नं ४ | |
| २६. | श्री शक्ति थापा | गाउँ सभा सदस्य वडा नं ४ | |
| २७. | श्री निरमाया वि क | गाउँ सभा सदस्य वडा नं ५ | |
| २८. | श्री कमला थापा | गाउँ सभा सदस्य वडा नं ५ | |
| २९ | श्री दिलु थापा | गाउँ सभा सदस्य वडा नं ५ | |
| ३०. | श्री मनु राम थापा | गाउँ सभा सदस्य वडा नं ५ | |

| | नाम राष्ट्र सेवक कर्मचारीहरु | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३१ | श्री अविनाश ढकाल | लेखा अधिकृत | |
| ३२ | श्री कृष्ण प्रसाद सुवेदी | शिक्षा अधिकृत | |
| ३३ | श्री कृष्ण प्रसाद शिमाल | | |
| ३४ | श्री विष्णु प्रसाद पौडेल | सूचना प्रविधि अधिकृत | |
| ३५ | " धिरेन्द्र बम | प्राविधिक १नं वडा | |
| ३६ | देवेन्द्र मण्डल | प.चि.अ. | |
| ३७ | भुवन सिंह थापा | स्थानीय सचिव | |
| ३८ | राजेश झा | कृषि प्राविधिक वडा १ | |
| ३९ | अमृत कुमार श्रेष्ठ | इ. अधिकृत द्वितीय | |
| ४० | रवि रामदाम | कृषि प्रसार अधिकृत | Rakonf. |
| ४१ | मनोज श्रेष्ठ | पशु सेवा प्राविधिक | |
| ४२ | ओमप्रकाश चौरसिया | २नं वडा सचिव | |
| ४३ | सन्तोष सिग्देल | ना.प.स्वा.प्रा. | |
| ४४ | सविता राना | एन.आई.एल. मर्पोहट | Sabity |
| ४५ | प्रतिमा मल्ल श्रेष्ठ | पोषण सहजकर्ता | |
| ४६ | बिमला श्रेष्ठ | सामाजिक परिचालक | |
| ४७ | राम कला खिलाडी | रोजगार संयोजक | |
| ४८ | सामना नेपाली | आ.प्रा.स्वा. कार्य सहायक | |
| ४९ | शोभिया सुनार | पशु सेवा प्राविधिक (५ औं) | |
| ५० | कृष्ण प्रसाद पाण्डे | वडा सचिव (४नं.) | Pandey |
| ५१ | गणेश वस्नेत(?) वि.यु | अ. सव इन्जिनियर | |
| ५२ | कृष्ण प्रसाद रेग्मी | जन स्वास्थ्य अधिकृत | |
| ५३ | रामु पराजुली | आ.लै.प अधिकृत | |
| ५४ | युवराज लामिछाने | अधिकृत | |
| ५५ | अधिमा सरोज साह | न्यायिक सहजकर्ता (समितिको) | |
| ५६ | मेनुका थापा | फिल्ड सहायक | |
| ५७ | प्रेम ब. राना | नगर प्रहरी | |
| ५८ | तिलक आले | " " | |

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीथाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| ५९ | राष्ट्र सेवक कर्मचारीहरु | | | |
| ६० | मनिषा श्रेष्ठ | नगर प्रहरी | Manisha | |
| ६१ | दुर्गा सिं थापा | " " | [signature] | |
| ६२ | खुम माया थापा | का. स. | [signature] | |
| ६३ | खुम ब. थापा | " " | Khum | |
| ६४ | होम ब. थापा | सवारी चालक | [signature] | |
| ६५ | चन्द्र ब. नेपाली | " " | चन्द्र | |
| ६६ | समर राना मगर | पत्रकार | Samay | |
| ६७ | तीर्थराज दुङ्गाना | [illegible] | [signature] | |
| ६८ | | | | |
| ६९ | | | | |
| ७० | | | | |
| ७१ | | | | |
| ७२ | | | | |
| ७३ | | | | |
| ७४ | | | | |
| ७५ | | | | |
| ७६ | | | | |
| ७७ | | | | |
| ७८ | | | | |
| ७९ | | | | |
| ८० | | | | |
| ८१ | | | | |
| ८२ | | | | |
| ८३ | | | | |
| ८४ | | | | |
| ८५ | | | | |
| ८६ | | | | |
| ८७ | | | | |

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**घिरिङ गाउँपालिका**

पोखरीछाप, तनहुँ

१९ औ अधिवेशन

कार्यसूचि र समयतालिका

बैठक संख्याः- १

बैठक स्थानः- घिरिङ गाउँपालिकाको कार्यालय सभाहल

अध्यक्षताः- होम बहादुर थापा

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूचि प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२/०९/२५ | दिनको११.००देखि ११.३० | उपस्थिति | | |
| २०८२/०९/२५ | दिनको११.३०देखि | अधिवेशन प्रारम्भ | श्री होम बहादुर थापा (अध्यक्ष) बाट स्थान व्यवस्थापन र पालना गर्नु पर्ने अचरण जानकारी | २०८२/०९/२५ |
| २०८२/०९/२५ | १२.००देखि | ०८२/०८३ को हिउदे अधिवेशनका प्रस्तावहरु माथि छलफल | २०८२/०९/२५ | |
| | | आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व कानुन कार्यान्यन सम्बन्धमा | | |
| | | राष्टिय रोजगार प्रवर्द्धन कार्यक्म सन्चालन तथा व्यवस्थापन निर्देशिकाऽ२०८२ | | |

| | | | | |
|---|---|---|---|---|
| | | घिरिङ गा.पा.सहकारी संस्था अनुगमनमुल्याकन तथा नियमन कार्यविधि २०८२ | | |
| | | बेरुजु सम्बन्धी | | |
| | | बजेट प्रक्षेपण सम्बन्धी | | |
| | | सुरिक्षत अप्रवासन कार्यक्म सम्बन्धी कार्यविधि २०८२ | | |
| | | कृषि विकास कार्यक्म सन्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ | | |
| | | घिरिङ गा.पा. सुगुर/बगुरको खोर निर्माण तथा व्यवस्थापन कार्यक्म सचालन मापदण्ड २०८२ | | |
| | | बाँभो जग्गा घाँस खेती प्रोत्साहन कार्यक्म सचालन मापदण्ड २०८२ | | |
| २०८२/०९/२५ | दिनको१.०० देखि १.३० बजे | आ.व. ०८२/०८३ शसोधित कार्यक्म माथि छलफल | श्री राधादेवी अधिकारी (उपाध्यक्ष) | |
| २०८२/०९/२५ | दिउसो१.३०देखि | खुल्ला सत्र | | |
| २०८२/०९/२५ | दिउसो२.००देखि | सभा सम्बोधन र सभा अन्त | श्री होम बहादुर थापा (अध्यक्ष) | |

सभा सदस्यज्यूहरु

१,सभाका सदस्य ज्युहरु तोकिए बमोजिमको स्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गर्दछु ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

२.यस अ.व.को नीति तथा कार्यक्म र बजेटहरु सञ्चालन भै रहेका छन यी नीति तथा कार्यत्रम र बजेटले हामीले आसा र अपेक्षा गरेका विषयहरुले निरन्तरता पाउने छ । भन्दै दोस्रो गाउँसभाको १९ औ अधिवेशन बैठकमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु ।

गाउँसभामा आज आ.व. २०८२/८३ को हिउँदे अधिवेशनको प्रस्तावहरु माथि छलफल कार्यसूची रहेको छ ।

गाउँसभाको आजको कामकारवाही शुरु हुन्छ ।

धिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरीछाप, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

सभाका सदस्यज्यूहरु

आ.व. २०८२/०८३ को गाउँपालिकाको हिउँदे अधिवेशनको प्रस्तावहरु प्रस्तुत गर्न चाहन्छु ।

सभाका सदस्यज्यूहरु...

उपाध्क्षय ज्युलाइ यस अधिवेशन केहि कार्यत्रम र बजेट भएमा थप र शसोधन गर्नु पर्ने भए प्रस्तुत गरिदिनु हुन अनुरोध गर्दछु ।

हिउँदे अधिवेशनको प्रस्तावहरु, कार्यत्रम र बजेट माथि छलफलमा बोल्न चाहने सदस्यज्यूहरुले नाम टिपाउनु होला ।

..........................................................................

सभामा बोल्न चाहने सदस्यहरुको नाम प्राप्त भईसकेको छ । बोल्न चाहने सदस्यज्यूहरुले ३ मिनेट भित्र आफ्नो भनाई सुझाव राखिदिनुहोला ।

१. श्री ..............................................................घा

२. श्री ..............................................................

३. श्री ..............................................................

सभाका सदस्यज्यूहरु

हिउँदे अधिवेशनको प्रस्तावहरु माथि छलफल लागि प्राप्त सुझावहरुलाई समावेश गरी प्रकाशित गरिने छ ।

सभाका सदस्यज्यूहरु

सभामा प्रस्तुत हिउँदे अधिवेशनका प्रस्तावहरु निर्णयार्थ पेश गर्दछु ।

३

होम बहादुर थापा
अध्यक्ष

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२/०८३ को हिउँदे अधिवेशनके प्रस्तावहरुको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला , विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोला र तटस्थ रहने सदस्यहरु मौन बस्नुहोला ।

आ.व. २०८२/०८३ को हिउँदे अधिवेशनका प्रस्तावहरुको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोस

........................................................................................

आ.व. २०८२/०८३ को हिउँदे अधिवेशनको प्रस्तावहरुको पक्षमा नहुने सदस्यहरुले "हुन्न" भन्नुहोस

........................................................................................

"हुन्न" भन्ने आवाज नसुनिएको र मौन नबसेको देखिएको "घिरिङ गाउँपालिकाको आ.व. २०८२/०८३ को हिउँदे अधिवेशनका प्रस्तावहरुको स्वीकृत भएको घोषणा गर्दछु ।

बजेट बाडफाँड सम्बन्धमा कार्यपालिकाले शसोधन गर्न सक्ने अधिकार प्रत्यायेजन गर्ने निर्णय गिरयो ।

चालु आ.व.को हाल सम्म कार्यपालिककाबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

सभाका सदस्यज्यूहरु, सभाको अन्त भएको घोषणा गर्दछु ।

**प्रस्तावहरु**

१) कृष्ण मोटरमार्ग स्तर उन्नती सम्बन्धमा ।

२) करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

३) ऐन कानून कार्यविधि कार्यान्वयन सम्बन्धमा ।

४) बेरुजु सम्बन्धमा ।

५) अ.न.मी.श्री अनिता थापाको असाधारण विदा सम्बन्धमा ।

६) हिउँदे बजेट सिलिङ्ग सम्बन्धमा ।

७) आ.व..२०८३।०८४ को लागि बजेट प्रक्षेपण सम्बन्धमा ।

८) विविध सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा २०७३/०१/२३ मा जिल्ला प्राविधिक कार्यालय तनहुँ र सन्तोषि निर्माण सेवा प्रा.लि. चितवन बीच सम्झौता भई काम गरेकोमा मुद्धा नं.०७९-FI-२३७ मध्यस्थको निर्णय बदरको लागि उच्च अदालत पाटनमा गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय,पूर्वाधार विकास निर्देशनालय अन्तरगत विकास कार्यलय तनहुँका कार्यालय प्रमुख दिनेश कुमार घिमिरे निवेदक रही चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.२ ठेगाना रहेको



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

सन्तोषी निर्माण सेवा प्रा..लि.को तर्फबाट अख्तियार प्राप्त केशव कडेल विरुद्धको मुद्धा ०८२-RI-१२०८ सम्मानित सर्वोच्च अदालतबाट २०८२ साल पुष १८ गते अन्तिम किनारा लागेकोले उक्त सडक हाल अति जिर्ण रहेको यातायातको साधन आवत जावतमा कठिनाई भएको उक्त सडकमा थप नयाँ बजेट राखी आयोजनामा समावेश गरी कामकाज सहज गराउन भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयमा सिफरिस पठाउने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा गाउँपालिका र मातहत कार्यालयहरुमा रहेका तपसिल अनुसारका करार कर्मचारीहरुको सेवा सुविधा र म्याद आ.व.२०८२/०८३ असार मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

| क्र. सं. | कर्मचारीको नामथर | पद | तह | सुविधा | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पारि श्रमिक (मासिक) | | | | | |
| १ | विष्णु प्रसाद पोखेल | सू. प्र. अ. | सातौ | ४५८५१.०० | | | | | |
| २ | भुवन सि थापा | | | ३२९०२।०० | | | | | |
| ३ | सरोज शाह | न्या.स.क. | | ४५८५१।०० | | | | | |
| ४ | मदन गुरुङ्ग | स. इ. | पाँचौ | ३४७३०।- | | | | | |
| ५ | विदुर मरहट्टा | स. इ. | पाँचौ | ३४७३०।- | | | | | |
| ६ | गणेश रसाइली वि क | अ.स.ई | चौथो | ३२९०१।- | | | | | |
| ७ | रामकला सिंजाली | प्र.रो | छैठौं | ४३६८८।५० | | | | | |
| ८ | सविता राना | क.अ | पाँचौ | ३४७३०।- | | | | | |
| ९ | मेनुका थापा | फि.स | चौथो | ३२९०१।- | | | | | |
| १० | रवि रामदाम | क.षि. | | ४३६८८।-५० | | | | | |
| ११ | मनोज श्रेष्ठ | प.से.प्रा | पाँचौ | ३४७३०।- | | | | | |
| १२ | सन्तोष सिग्देल | ना.प स्वा.प्रा | चौथो | ३२९०१।- | | | | | |
| १३ | बर्षा थापा राना | प.से.प्रा | चौथो | ३२९०१।- | | | | | |
| १४ | प्रेम बहादुर राना | न.प्र.ह | | २७६११।५० | | | | | |
| १५ | तिलक आले मगर | न.प्र.सि | | २६०८२।- | | | | | |
| १६ | दुर्गा सि आले | न.प्र.सि | | २६०८२।- | | | | | |
| १७ | मनिसा श्रेष्ठ | न.प्र.सि | | २६०८२।- | | | | | |
| १८ | होम बहादुर थापा | स.चा | | २७६११।५० | | | | | |
| १९ | चन्द्र बहादुर सार्की | स.चा | | २७६११।५० | | | | | |
| २० | पुर्ण बहादुर थापा | स.चा | | २७६११।५० | | | | | |
| २१ | नेत्र बहादुर थापा | जे. चा | | २९६७०।- | | | | | |
| २२ | विमला श्रेष्ठ | सा.प | | १५०००।-<br>±९०००।-<br>२४०००।- | | | | | |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

ऋिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | रसु श्रेष्ठ | का.स | | १७२५०।- | | | | | |
| २४ | गोमाया श्रेष्ठ | का.स | | १७२५०।- | | | | | |
| २५ | खुम माया थापा | का.स | | २६३४८।- | | | | | |
| २६ | पुनम थापा | का.स | | १७२५०।- | | | | | |
| २७ | टेक माया थापा | का.स | | १७२५०।- | | | | | |
| | स्वास्थ्य तर्फ | | | | | | | | |
| २८ | सुमन थापा | अ.हेव. | चौथो | २०७००।- | | | | | |
| २९ | प्रकाश श्रेष्ठ | ल्या.टे | पाँचौ | ३४७३०।- | | | | | |
| ३० | प्रविन श्रेष्ठ | अ.हे.व | चौथो | ३२९०१।- | | | | | |
| ३१ | गोपाल वि.क | अ.हे.व | चौथो | ३२९०१।- | | | | | |
| ३२ | जमुना थापा | अ.हे.व | चौथो | ३२९०१।- | | | | | |
| ३३ | विन्दु थापा बराम | अ.हे.व | चौथो | ३२९०१।- | | | | | |
| ३४ | ममता गुरुङ्ग | अ.हे.व | चौथो | ३२९०१।- | | | | | |
| ३५ | जानकी वि क | अ.न.मि | चौथो | ३२९०१।- | | | | | |
| ३६ | सपना राना | अ.न.मि | चौथो | ३२९०१।- | | | | | |
| ३७ | हेमता श्रेष्ठ | अ.न.मि | चौथो | ३२९०१।- | | | | | |
| ३८ | प्रतिमा मल्ल श्रेष्ठ | पो.सा | | २३०००।- | | | | | |
| ३९ | भुवानी पोखेल | अ.हेव. | चौथो | २०७००।- | | | | | |
| ४० | रोजिसा ढुङ्गाना | अ.न.मि | चौथो | २०७००।- | | | | | |
| ४१ | रेनुका श्रेष्ठ | अ.हेव. | चौथो | २०७००।- | | | | | |
| ४२ | सुविन श्रेष्ठ | | सातौ | ४५८५१.०० | | | | | |
| ४३ | समिर अधकारी | | पाँचौ | ३४७३०।- | | | | | |
| ४४ | सायरा मिया | विदालय नर्स | पाँचौ | ३४७३०।- | | | | | |
| ४५ | विनिना थापा | विदालय नर्स | पाँचौ | ३४७३०।- | | | | | |
| ४६ | सुलेखा खातुन | विदालय नर्स | पाँचौ | ३४७३०।- | | | | | |
| ४७ | प्रियका शाह | विदालय नर्स | पाँचौ | ३४७३०।- | | | | | |
| ४८ | | विदालय नर्स | पाँचौ | ३४७३०।- | | | | | |
| ४९ | तारा माया थापा | अ.न.मि | चौथो | ३२९०१।- | | | | | |
| ५० | जानुका श्रेष्ठ | अ.न.मी. | चौथो | २६६१०।- | | | | | |
| ५१ | मिना परियार | अ.न.मी. | चौथो | २६६१०।- | | | | | |
| ५२ | नेत्र माया ठाडा थापा | का.स | | १७२५०।- | | | | | |
| ५३ | नर बहादुर थापा | का.स | | १७२५०।- | | | | | |
| ५४ | चन्द्रकला राना | का.स | | १७२५०।- | | | | | |
| ५५ | सन्जु श्रेष्ठ | का.स | | १७२५०।- | | | | | |
| ५६ | मुना थापा | का.स. | | १७२५०।- | | | | | |
| ५७ | रुमिता थापा | का.स. | | १७२५०।- | | | | | |
| ५८ | सुविन श्रेष्ठ | म. प क | | ३४७३०।- | | | | | |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

ऋषिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५९ | खुम बहादुर थापा | का.स. | | १७२५०। | | | | | |

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानुन कार्यान्वयन सम्बन्धमा,राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिका २०८२,घिरिङ गा.पा.सहकारी संस्था अनुगमन मुल्याङ्कन तथा नियमन कार्यविधि २०८२,बेरुजु सम्बन्धमा ,बजेट प्रक्षेपण सम्बनधी,सुरक्षित आप्रवासन कार्यक्रमम सम्बन्धी कार्यविधि २०८२,कृषि विकास कार्यक्रम सन्चालन तथा व्यवस्थापन कार्यविधि २०८२,घिरिङ गा.पा.सुगुर/बंगुरको खोर निर्माण तथा व्यवस्थापन कार्यक्रम संचालन मापदण्ड२०८२,बाँझो जग्गा घाँस खेती प्रोतीहन कार्क्रम संचालन मापदण्ड २०८२ सम्बन्धमा छलफल भै स्वीकृती गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा बेरुजु सम्बन्धमा तपसिल अनुसार रहेको हुँदा फछ्यौटका लागि पेश गर्ने निर्णय गरियो ।

छलफलका विषयहरुः-

६. महालेखा परिक्षकको कार्यालय प्रादेशिक लेखापरिक्षण महानिर्देशनालय गण्डकी प्रदेश काठमाडौंको प.सं 20७८/२०७९, च.नं २०८, मिति 20७८।०५।०४ को पत्रबाट प्राप्त, यस गाउँपालिकाको आ.ब. 0७६/७७ को अन्तिम लेखा परिक्षण प्रतिवेदनको छलफल सम्बन्धमा ।

७. महालेखा परिक्षकको कार्यालय प्रादेशिक लेखापरिक्षण महानिर्देशनालय गण्डकी प्रदेश काठमाडौंको प.सं 20७८/२०७९, च.नं ४९, मिति 20७९।०३।२५ को पत्रबाट प्राप्त, यस गाउँपालिकाको आ.ब. ०७७/०७८ को अन्तिम लेखा परिक्षण प्रतिवेदनको छलफल सम्बन्धमा ।

८. महालेखा परिक्षकको कार्यालय प्रादेशिक लेखापरिक्षण महानिर्देशनालय गण्डकी प्रदेश काठमाडौंको प.सं 20७९/२०८०, च.नं २८, मिति 20७९।१२।२९ को पत्रबाट प्राप्त, यस गाउँपालिकाको आ.ब. ०७८/०७९ को अन्तिम लेखा परिक्षण प्रतिवेदनको छलफल सम्बन्धमा

९. महालेखा परिक्षकको कार्यालय प्रादेशिक लेखापरिक्षण महानिर्देशनालय गण्डकी प्रदेश काठमाडौंको प.सं 20८०/२०८१, च.नं १०,मिति 20८१।०२।११ को पत्रबाट प्राप्त, यस गाउँपालिकाको आ.ब. २०७९/२०८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको छलफल सम्बन्धमा ।

१०.महालेखा परिक्षकको कार्यालय प्रादेशिक लेखापरिक्षण महानिर्देशनालय गण्डकी प्रदेश काठमाडौंको प.सं 20८१/२०८२, च.नं FA☐/२०८०-०८१/LOC/५०८, मिति 20८२।०२।०८ को पत्रबाट प्राप्त, यस गाउँपालिकाको आ.ब. २०८०/२०८१ को अन्तिम लेखा परिक्षण प्रतिवेदनको छलफल सम्बन्धमा ।

**निर्णयहरू**

१. आ.ब. ०७६/०७७,०७७/०७८,२०७८/०७९, ०७९/०८० र २०८०/०८१ को लेखापरिक्षणको अन्तिम प्रतिवेदनमा नियमित गर्नुपर्ने प्रकृतिका बेरूजुमा नियमितको लागि घिरिङ गाउँपालिकाको सार्वजनिक लेखा समितिवाट निर्णय भई

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चोक्रीथाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

लेखा समितिका समयोजक श्री तहलसिंह थापा ज्युको प्रस्ताव माथि छलफल गरि तपशिल बमोजिम नियमित गर्ने निर्णय गरियो ।

आ.व २०७६/०७७ नियमित गर्ने बेरूजु

१. **दफा नं. ११** माथि छलफल गर्दा साविक स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा कार्यवाहक भएको अवस्थामा कार्यवाहक भत्ता पाउने व्यवस्था गरेको छैन। यस गाउँपालिकाका वडा नं ४ मा कार्यवाहक वडाध्यक्ष भनि श्री शक्ति थापालाइ मासिक रू.१८००० । को दरले श्रावण देखि ३ महिना सम्म तथा चाडपर्व रु.५००० समेत गरी कुल रु.७२०००।०० सुविधा तलब बापत भुक्तानी भएको छ । निजलाइ रू.९००० को दरले ३६,००० भुक्तानी हुनुपर्नेमा रू.३६००० वढी भुक्तानी भएको छ। यस सम्वन्धमा छलफल गर्दा निजले वडाध्यक्षको हैसियतमा काम गर्नुपर्ने अवस्था आएकोले गर्दा वडाध्यक्षले पाउने रकम भुक्तानी दिनुपरेको हो भन्ने जवाफ प्राप्त भएको छ। कानुनमा स्पष्ट व्यवस्था नभएको अवस्थामा नियम संगत नभएको बेरूजु भनि उल्लेख भएकोमा घिरिङ गाउँपालिकाको भुगोलका हिसावले तनहुँ जिल्लाकै अति कम विकसित र तनहुँको कर्णालीको रुपमा पनि चिनिएको अवस्था छ । यस समयमा वडा अध्यक्ष विभिन्न कारणले गर्दा पद निलम्वन भएको थियो । स्थानीय सरकार जनताको नजिकको सरकार भएकोले स्थानीय वासीहरू सेवावाट वन्चित हुने अवस्था सिर्जना भएको हुदा यस अवस्थामा वडा सदस्यलाइ कार्यवाहक अध्यक्षका रूपमा कार्यपालिका निर्णय गरि कामकाज गर्न तोकिएको थियो र यसले कार्यालयलाइ थप व्ययभार नपारेको व्यहोरा पनि जानकारी गराउँदै आगामि दिनहरूमा यसलाइ हटाउने प्रतिवद्दता सहित यस दफामा उल्लेख भएको बेरूजु रकम रू रू.३६,०००/- नियमित गर्ने निर्णय गरियो ।

२.**दफा नं. १३** माथि छलफल गर्दा एकिकृत आर्थिक संकेत बर्गिकरण र व्याख्या,२०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहि अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार खर्च शिर्षक फरक पारि खर्च गरेको कारण देहाय अनुसार फरक परेको छ । शिर्षक फरक पारि खर्च गर्नु वित्तिय अनुशासनको उल्लंघन गर्नु हो अतः उक्त रकम अनियमित देखिएको रू. ३५,५७,२७१ भनि उल्लेख भएकोमा बजेट प्रविष्टी हुँदाकै वखत विभिन्न कार्यक्रममा वजेट प्रविष्टी गर्दा पुर्व अनुमान नगरि बजेट शिर्षकमा कम प्रविष्टि भएकोमा कार्यालयको कर्मचारी तथा पदाधिकारी भर्ना गरी कामकाजमा खटाएवापत उनिहरुको दैनिक जिवनयापन गर्नका निम्ति अति आवश्यक तलब अनिवार्य भुक्तानि गर्नुपर्ने व्यवस्था भएको हुँदा सो अनिवार्य खर्चले कार्यालयलाइ थप व्ययभार नपारेको व्यहोरा पनि जानकारी गराउँदै यस दफामा उल्लेखित बेरूजु रू.३५,५७,२७१/- नियमित गर्ने निर्णय गरियो ।

३. **दफा नं. १५** माथि छलफल गर्दा सोझै खरिद अन्तर्गत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रू ५ लाख भन्दा वढिको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्ने तथा नियमावलीको नियम ३१ मा रू २० लाख भन्दा वढि खरिद गर्दा वोलपत्रको माध्यमवाट गर्नुपर्नेमा सो नगरि देहायका विभिन्न फर्महरूवाट कार्यालयका सामानहरू सोझै खरिद गर्दा एक आर्थिक वर्षमा एउटा आपुर्तीकर्तासग सीमा भन्दा वढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा उक्त कार्य नियमावलीमा भएको व्यवस्थाको विपरित भएकोले उक्त रकम अनियमित देखिएको रू १०,६८,३६३/- कार्यालयलमा आवश्यक सामाग्री खरिद गर्दा नियमानुसार सूचना प्रकाशन गरी कार्यप्रकृया अगाडी वढाएको र सूचना प्रकाशन पश्चात ३ वटा फर्महरुमात्रको आवेदन परेको र गणपुरक संख्या पुगेपछी र सवै फर्महरु त्मअजलष्अवाँथि र ष्लबलअष्वाँथि योग्य भएपछी मुल्याङ्कन समितिवाट योग्य फर्म छनौट गरी खरिद प्रकृया अगाडी बढाईएको जसले गर्दा आवश्यक कार्यक्रम सञ्चालन गर्दा कार्यालयलाइ आर्थिक व्ययभार नवढाएको देखिन्छ र आगामि दिनमा

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

एकमुस्ट प्याकेजमा आवश्यक सामाग्री खरिद गर्ने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रू. रू १०,६८,३६३/- नियमित गर्ने निर्णय गरियो ।

४. **दफा नं. १६** माथि छलफल गर्दा गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यको सुविधा सम्वन्धी एन,२०७६ को अनुसुचीमा पदाधिकारीले मासीक रूपमा अनुगमन सुविधा प्राप्त गर्ने उल्लेख छ । जसअनुसार यस पालिकाले आ.व २०७६/०७७ मा भुक्तानी गर्नुपर्ने सम्पुर्ण सेवा सुविधाको रकम यस आर्थिक वर्षमा मात्र दिने जानकारी गराएको छ । यस एन लागु हुनुभन्दा अगाडीको स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्वन्धी एन २०७४ को दफा १५ मा यस एनले तोकेको वाहेकको अन्य सुविधा प्रदेश सरकारले तोके वमोजिम उल्लेख गरेको थियो भने अनुसुची एकमा मासिक सुविधा उपलब्ध गराउने उल्लेख गरेकोले अनुगमन भत्ता दिने व्यवस्था उल्लेख थिएन तर यस कार्यालयले अनुगमन भत्ता वापत रू.७,४७,७४१/-यस कार्यालय तनहुँ जिल्लाको दक्षिण भेगमा रहेको अति विकट पालिका हुदा निर्माण कार्य गरेको स्थानमा पुग्न पनि ज्यादै कठिन भएको हुदा कर्मचारी तथा जनप्रतिनिधिले अनुगमन गरेको अवस्था हो । आगामि दिनहरुमा यस्ता किसिमका त्रुटिहरु सुधार गर्दै तिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रू.७,४७,७४१/- नियमित गर्ने निर्णय गरियो ।

५. **दफा नं. १९.२** माथि छलफल गर्दा नम्स बेगर परामर्श सेवाको कार्य गराएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नम्स गत वर्षको नम्स सोही प्रकृतीको कार्य गर्ने अन्य निकायले तयार पारेको नम्स आदि कुरालाइ आदिकुरालाइ आधार वनाइ लागत अनुमान तयार पार्नुपर्छ । यस पालिकाले माथि उल्लेख गरेअनुसारका कार्य गर्दा कुनै आधार नलिइ लागत अनुमान तयार पारेको छ भने सिचाइ योजनाको लागत अनुमान वनाउदा सिचाइ विभागको नम्स समेत प्रयोगमा नल्याइ रू ५लाखको सिमाभित्र पर्ने गरि ३० हेक्टरको सिचाइको डि.पि.आर कार्यको लागि रू ४ लाख ९८ हजारको लागत अनुमान तयार गरि भुक्तानी गरेको कार्य नियमित नदेखिएको रू१९८७५२६/-केन्द्र तथा प्रदेशमा योजना माग गर्दा योजनाको म्एच सुरूमै खोज्ने हुदा हरेक योजनाको म्एच राख्नुपर्ने बाध्यकारी अवस्था रहेको ।कार्यालयले नियमानुसार सूचना प्रकाशन गरी कार्यप्रकृया अगाडी वढाएको र सूचना प्रकाशन पश्चात ३ वटा फर्महरुमात्रको आवेदन परेको र गणपुरक संख्या पुगेपछी र सवै फर्महरु त्भअजलष्अबाँथि र ९ल्लवलअष्वाँथि योग्य भएपछी मुल्याङ्कन समितिवाट योग्य फर्म छनौट गरी खरिद प्रकृया अगाडी वढाईएको जसले गर्दा आवश्यक कार्यक्रम सञ्चालन गर्दा कार्यालयलाइ आर्थिक व्ययभार नवढाएको देखिन्छ र आगामि दिनमा एकमुस्ट प्याकेजमा सञ्चालन गर्ने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रू.१९,८७,५२६/- नियमित गर्ने निर्णय गरियो ।

६. **दफा नं. २२** माथि छलफल गर्दा गाउँपालिका स्विकृत दरवन्दी बाहिरको गाउँसल्लाहकार सुमन कुमार श्रेष्ठ राखि मासिक तलब रू.२६६१० र पोषाक सहित रू.३,७९,९३०/- लेखेको छ । स्विकृत दरवन्दी विपरितको पद सिर्जना गरि खर्च लेखेको उक्त रकम कानुन विपरित छ । यस प्रकारको खर्चले स्थानीय तहलाइ व्ययभार थपेको छ , कानुनमा व्यवस्था नभएको खर्च अनियमित देखिएको रकम रू रू.३,७९,९३०/- यस पालिकाले गाउँकार्यपालिकामा निर्णय गरि नियक्ति करार सम्झैता अनुसारको कार्य लगाई पारिश्रमिक भुक्तानी गरिएकोले यसरी गरिएको पदपुर्तीवाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुदा यस दफामा उल्लेखित बैरूजु रू.३,७९,९३०/- नियमित गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

ऋषिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

७. दफा ३५ माथि छलफल गर्दा अनुदान फिर्ता अन्तर्गत विनियोजन एन,२०७६ को दफा४(१२) तथा (१३) मा सर्शत,समपुरक तथा विशेष अनुदानको रकम अनुसार मसान्तसम्म खर्चनभई वचत भएमा त्यस्तो रकम सम्वन्धित कोष तथा लेखा नियन्त्रणक कार्यालयमार्फतसंघीय संञ्चित कोषमा फिर्ता गर्नुपर्ने र फिर्ता नभएमा वित्तिय समानीकरण अनुदानवाट कट्टागर्नुपर्ने उल्लेख छ । खर्च नभई बाँकी रहेको रकम संघीय सरकार सर्शत रकमरू.३३,३२,००० र समपुरक रू. १,१५,००,००० गरि रू. १,४८,३२,०००/- फिर्ता भनिउल्लेख गरेकोमा यस घिरिङ गाउँपालिका तनहुँ जिल्लाको दक्षिण भेगमा अवस्थित भौगोलिकहिसावले ज्यादै विकट तथा दुर्गम भएको, पालिकाको आन्तरिक स्रोत ज्यादै न्यून रहेको रअन्यत्रवाट पनि आउने स्रोत नभएको हुदा आ.व २०७७/०७८ मा पालिकाको विकास निर्माणक्षेत्रमा नियमानुसार खर्च भएको हुदा यस रकम हानिनोक्सानी नभएकोले आगामी दिनहरूमायस्ता कमिकमजोरी सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेखित रकम रू.१,४८,३२,०००/- फछ्योट गर्ने निर्णय गरियो

## २. आ.व २०७७/०७८ नियमित गर्ने बेरूजु

१.**दफा नं. १५** माथि छलफल गर्दा स्विकृत दरवन्दी बेगर करार सेवा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा थानीय तहलेनगर हरी, सवारी चालक, सरसफाई सबधआिद पदमा बाहेक अय पद तथा सेवामा करारवाट पदपुर्ती गन नसिकनेकानूनी यवथा गरेको छ । संघीय मािमला तथा सामाय शासन मालयले२०७४।१२।१४ मा जारी थानीय तहमा करारमा जनशि यवथापन गनकायिवध, २०७४ मा वीकृत दरवदी भदा वािहर अय पमा कमचारीह राखी तलब भा वा पारिमक भ्रुानी गननिमनेर यतो काय चलत कानून विपरित भई भुक्तानी गनपदाधकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । पालकालेदरवदी वेगर पालकामा खेलकुद प्रशिक नियुक्ती गरी २०७७ फागुन १४ देख मासिक २६,०००।०० का दरले२०७८ असार ३१ समको तलव वापत १,१७,८६६।०० भ्रुानी िदएको देखछ।यसरी वकृत दरवदी वेगर खेलकुद साहायक प्रशिक्षक नियुक्ति गरी भुक्तानी दिएको रकम अनियमित देखिएको घिरिङ गाउँपालिकामा स्वीकृत  दरवन्दी वेगरका कर्मचारीहरु कटौती गर्दै लगिएको र यस पद पनि खारेज गरिएको ।कार्यपालिकाको निर्णय गरि खेलकुद प्रशिक्षक नियुक्ति गरिएकोमा हाल आएर उक्त पदमा कुनैपनि कर्मचारी नराखिएको,यसमा सरकारी कारोवारमा कुनैपनि हानी नोक्सानी नभएको हुदा आगामि दिनहरुमा यस्ता किसिमका त्रुटिहरु सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रू.१,१७,८६६/- नियमित गर्ने निर्णय गरियो ।

२. **दफा १८** माथि छलफल गर्दा शिर्षक फरक पारि खर्च आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजम कार्यालय प्रमुखले सरकारी खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमा भित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ । नमुना छनौटको आधारमा पालिकाले पुसको गाउँसभा मार्फत रकमान्तर गरि तपशिल वमोजमको रू.२०,१६,१७४।०० रकम शिषक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक परेको अनियमित देखिएको रकम रू.२०,१६,१७४ बजेट प्रविष्टी हुँदाकै वखत विभिन्न कार्यक्रममा वजेट  प्रविष्टी नभएकोमा यि कार्यक्रम नगरिनहुने प्रकृतीका भएको कारणले गाउँसभावाट रकमान्तर गरि उक्त कार्यक्रम गरिएको, यसमा प्रकृयागत त्रुटि भएको सरकारी कारोवारमा कुनैपनि हानी नोक्सानी नभएको  हुँदा सो अनिवार्य खर्चले कार्यालयलाइ थप व्ययभार नपरेको देखिन्छ र आगामि दिनहरुमा यस्ता किसिमका त्रुटिहरु सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रू. रू.२०,१६,१७४/-  नियमित गर्ने निर्णय गरियो ।



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

३.**दफा ३१.४** माथि छलफल गर्दा राजश्व छुट घिरिङ्ग गाँउपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धि कार्यबिधी कार्यविधी २०७६ दफा ६(२) मा ठेकेदारले संझौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी कम्तीमा ५ देखि बढीमा १० प्रतिशत सम्म कार्यपालिकाबाट निर्णय गराई छुट दिन सकिनेछ।यस्तो छुटको प्रतिशत बोलपत्र वा बडाबडको सुचनामा उल्लेख भएको हुनुपर्ने ब्यवस्था छ । यस पालिकाले ढुंगा, गिटी, वालुवा उत्खनन् तथा संकलन ठेक्का सुचनामा छुटको प्रतिशत बोलपत्र वा बडाबडको सुचनामा उल्लेख भएको देखिदैन । पाँच ठेक्का कवोल अंकको रु.६७,६४,०११। को १० प्रतिशतले हुन आउने रु. ६,७६,४०१। छुट दिएको देखिन्छ ।यसरी कार्यविधीको ब्यवस्था विपरित छुट दिएको नियम सम्मत देखिदैन । मौजुदा कानुनको परिपालना गरी छुट दिनु पर्दछ भनि रू.६,७६,४०१/- यस पालिका भौगोलिक हिसावमा ज्यादै कठिन तथा सडक सञ्जाल पनि त्यति नपुगेको अवस्था भएको हुदा ठेक्काको सुचना २ पटक गर्दा पनि नआएको हुदा तेस्रो सुचनामा कार्यपालिकाको निर्णय वमोजिम १० प्रतिशत छुट दिएको थियो । सरकारी कारोवारमा कुनैपनि हानी नोक्सानी नभएको हुदा आगामि दिनहरुमा यस्ता किसिमका त्रुटिहरु सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रू.६,७६,४०१/- नियमित गर्ने निर्णय गरियो ।

४. **दफा ३६.३** माथि छलफल गर्दा परामर्श सेवा खरिद सम्बन्धमा, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका उपरोक्त योजनाको डिपिआर कार्यको लागि २० लाख भित्र पारी लागत अनुमान तयार गरी सोझै खरिद गरी रु ६९,३२,०४७।०० भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डिपिआर कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधार नलिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेकोले उक्त कार्यको लागि भएको भुक्तानी रकम नियमसंगत नभएको रु ३५,५७,२३७/- केन्द्र तथा प्रदेशमा योजना माग गर्दा योजनाको मएच सुरूमै खोज्ने हुदा हरेक योजनाको मएच राख्नुपर्ने बाध्यकारी अवस्था रहेको ।पालिकाको कर्मचारी मार्फत काम गराउन समयको अभाव, दक्ष जनशक्तिको अभावका कारण वाह्य परामर्शदातासँग कार्य गराउनुपर्ने वाध्यता रहेको हुदा कार्यालयले नियमानुसार सूचना प्रकाशन गरी कार्यप्रकृया अगाडी वढाएको र सूचना प्रकाशन पश्चात ३ वटा फर्महरुमात्रको आवेदन परेको र गणपुरक संख्या पुगेपछी र सवै फर्महरु त्भअजलष्अबीथि र ष्लबलअष्बीथि योग्य भएपछी मुल्याङ्कन समितिवाट योग्य फर्म छनौट गरी खरिद प्रकृया अगाडी वढाईएको जसले गर्दा आवश्यक कार्यक्रम सञ्चालन गर्दा कार्यालयलाइ आर्थिक व्ययभार नवढाएको देखिन्छ यसले सरकारी कारोवारमा कुनैपनि हानी नोक्सानी नभएको हुदा आगामि दिनमा एकमुस्ट प्याकेजमा सञ्चालन गर्ने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रकम रू. रु ३५,५७,२३७/- नियमित गर्ने निर्णय गरियो ।

५.**दफा नं. ३९** माथि छलफल गर्दा कार्यविधि भन्दा बढि कन्टिन्जेन्सि खर्च कामका लागि पारिश्रमिक कार्यविधि २०७६ १७० मा लागत अनुमानको वढीमा १ प्रतिशत मात्र कन्टिन्जेन्सीमा खर्च गर्न पाउने व्यवस्था छ । पालिकाले कामको लागत अनुमानमा कन्टिन्जेन्सी कट्टा गर्ने रकम उल्लेख गरेको छैन । भौ नं १५१,१५२,१५३ बाट विपन्न श्रमिकको ज्याला कार्यक्रमबाट कन्टिन्जेन्सी उल्लेख गरी रु २,२०,००० खर्च गरेको छ जुन लागत अनुमानको ६।६७ प्रतिशत हुन आउछ । कार्यविधि भन्दा वढी कन्टिन्जेन्सी खर्च भएको अनियमित देखिएको रु १,८७,५४४/- भनेकोमा



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

यस पालिका भौगोलिक हिसावमा ज्यादै कठिन तथा विकट रहेको हुदा यस पालिकाको आन्तरिक आय ज्यादै न्युन भएकोले कन्टिजेन्सी रकमवाट उक्त कार्यक्रम गरिएको, सरकारी कारोवारमा कुनैपनि हानी नोक्सानी नभएको हुदा आगामि दिनहरुमा यस्ता किसिमका त्रुटिहरु सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रकम रु १,८७,५४४/- नियमित गर्ने निर्णय गरियो ।

## आ.व २०७८/०७९ नियमित गर्ने बेरूजु

१. **दफा १९.१** माथि छलफल गर्दा पालिकाले स्वीकृत दरवन्दी वाहिरको गाउँ सल्लाहकार सुमन कुमार श्रेष्ठ राखी मासिक तलव रु.२८६१०।०० र चाडपर्व खर्च वापत रु.२८६१० समेत गरी रु.३७१९३०।०० लेखेको छ। स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित छ। यस प्रकारको खर्चले स्थानिय तहलाई व्ययभार थपेको छ। कानुनमा व्यवस्था नभएको खर्च अनिमित देखिएको रु.३,४३,३२०/- थप व्ययभार पार्रेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने भनि बेरूजु उल्लेख भएकोमा यस पालिकाले गाउँकार्यपालिकामा निर्णय गरि नियक्ति करार सम्झौता अनुसारको कार्य लगाई पारिश्रमिक भुक्तानी गरिएकोले यसरी गरिएको पदपुर्तीवाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुदा यस दफामा उल्लेखित वेरूजु रू.३,४३,३२०/- नियमित गर्ने निर्णय गरियो ।

२.**दफा ३९** माथि छलफल गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४कोदफा९लेस्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिका स्थित जलदेवी सामुदायिक सिकाई केन्द्र संचालनमा नरहेको अवस्थामा पनी कर्मचारीको तलव, घरभाडा तथा प्रशासनिक खर्च वापत पालिका वाट प्राप्त विवरण अनुसार रु. २२६५००।०० अनुदान निकासा दिएको पाईयो। उपरोप्त सिकाई केन्द्र संचालनको आवश्यकता विश्लेषण गरी संचालन॰बन्द गर्ने निर्णय गर्नुपर्दछ। सिकाई केन्द्र संचालन नभएको अवस्थामा पनी अनुदान निकासा दिएको खर्च गरेको रकम अनियमित देखिएको रु. २,२६,५००/- भनि उल्लेख गरेकोमा कार्यपालिकाको निर्णय बमोजिम यस सस्थाले समाजमा पछाडी परेका अतिविपन्न, दलित महिलालाई सिप मुलक तालिम दिएर जिविकोपार्जन गर्न उल्लेखनिय कार्य गर्नुका साथै विभिन्न सामुदायिक स्कुलमा चेतनामुलक कार्य गरेको हुदा यस दफामा उल्लेखित वेरूजु रू.२,२६,५००/- नियमित गर्ने निर्णय गरियो ।

३.**दफा ४१** माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई आदि सम्बन्धि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ती गर्न नसकिने कानुनी व्यवस्था रहेको छ। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ती व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारी राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानुन विपरीत भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ।पालिकाले स्वीकृत दरवन्दी बेगर तिल बहादुर थापा मगरलाई खेलकुद प्रशिक्षक नियुक्ति गरि मासिक रुपमा रु.२६,००० का दरले वार्षिक रु. ३,३८,०००।०० चाडपर्व खर्च सहित भुक्तानी दिई खर्च लेखेकोले उक्त रकम अनियमित देखिएको रु. ३,३८,००० देखाएकोमा ।यसरी स्विकृत दरवदी वेगर खेलकुद साहायक प्रशिक्षक नियुक्ति गरी भुक्तानी दिएको रकम अनियमित देखिएको घिरिङ गाउँपालिकामा स्वीकृत दरवन्दी वेगरका कर्मचारीहरु कटौती गर्दै लगिएको र यस पद पनि खारेज गरिएको । कार्यपालिकाको निर्णय गरि



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

खेलकुद प्रशिक्षक नियुक्ति गरिएकोमा हाल आएर उक्त पदमा कुनैपनि कर्मचारी नराखिएको,यसमा सरकारी कारोवारमा कुनैपनि हानी नोक्सानी नभएको हुदा आगामि दिनहरुमा यस्ता किसिमका त्रुटिहरु सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रकम रु. ३,३८,०००/- नियमित गर्ने निर्णय गरियो ।

४.**दफा ६५** माथि छलफल गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट गराउन नमिल्ने व्यवस्था छ। निम्नानुसार खरिद कार्य उपभोक्ता समितिबाट गराई पालिकाले निम्नानुसार रकम भुक्तानी गरेको छ। यसरी कार्यालयवाट सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम लागत अनुमान तयार गरी प्रतिष्पर्धात्मक तवरले खरिद गरी उपभोक्ता समितीलाई सामाग्री उपलव्ध गराउनुपर्नेमा उपभोक्ता समितीले पेश गरेको विलको आधारमा भुक्तानी दिई खर्च लेखेको रकम अनियमित देखिएको रु.१३,००,०००/- देखाएकोमा स्थानीय तहमा उपभोक्ता समिति नै काम गर्ने अधिकार प्राप्त संयन्त्र रहेको र उपभोक्ता समितिले गर्नुपर्ने काम र खरिद गर्नुपर्ने काम छुट्टा छुट्टै गर्न नमिल्ने भएकोले उपभोक्ता समितिनै जिम्मेवार रहने गरी काम गर्ने हुनाले यस्तो प्रकृतिका काम उपभोक्ता समितिले गर्ने गरेको र हाललाइ यस्ता कार्य न्यूनिकरण गर्दै लगिएको अवस्था छ त्यसैले यसले कार्यालयले गर्नुपर्ने काम उपभोक्ता आफैले गर्दा पनि आवश्यक प्रकृया पुरा गरी नियमसंगत ढंगले खरिद गरेको हुँदा कार्यालयलाइ अतिरिक्त व्ययभार नपरेको साथै आगामि दिनहरुमा यसलाइ नियमित रुपमा सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रकम रु.१३,००,०००/- नियमित गर्ने निर्णय गरियो ।

## आ.व २०७९/०८० नियमित गर्ने बेरूजु

१.**दफा ११** माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा (१) खण्ड (क) मा सार्वजनिक निकायले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र बाहृय परामर्श सेवा लिन सकिने उल्लेख रहेको छ । कार्यालयले योजनाहरु अनुगमन गर्न भनि बिज्ञ रवि आचार्यलाइ नियुक्त गरी गौ भौ नं।मिति १९७।०८०।१।२९ बाट रु ४० हजार पारिश्रमिक भुक्तानी दिएको छ । कार्यालयमा ५ वटा वडा कार्यालयहरुमा १/१ जना र पालिकामा ३ जना समेत ८ जना इन्जिनियर र सब इन्जिनियरहरु स्थायी र करार नियुक्ति मार्फत कार्यरत रहेको अवस्थामा निजहरुबाट योजनाहरुको अनुगमन के कति कारणले हुन सकेन सोको पुष्ट्याइ र कारण उल्लेख नगरी बिज्ञ नियुक्त गरी योजनाहरुको अनुगमन गराएको रु ४०,००० भनि अनियमित भनिएकोमा यस पालिकामा यस्तो प्रकृतिको कार्य गर्नसक्ने प्राविधिक नभएको हुदा वाहृय जनशक्ति वा विज्ञलाइ नियुक्ति गरि भुक्तानी दिएको अवस्था हो आगामि दिनहरुमा यस्ता किसिमका त्रुटिहरु सुधार गर्दै लैजाने प्रतिवद्दता सहित रू ४०,०००/- नियमित गर्ने निर्णय गरियो ।

२. **दफा ३७** माथि छलफल गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद गर्दा न्युन प्रतिस्पर्धा गराई सोझै खरिद गरी रु. ५२,३०,४१९/- खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा छुट्टा छुट्टै सम्झौता गरी खरिद गरिएको रकमलाइ कानुनसम्मत भएको भन्न मिल्ने नदेखिदा अनियमित भएको रु... ५२,३०,४१९/-



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

ऋषिङ्ग गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| अध्ययन÷परामर्श सम्बन्धी कामको विवरण | लागत अनुमान | प्रस्ताव संख्या | प्रथम घटी प्रतिशत | परामर्शदाता | सम्झौता अंक | भुक्तानी |
|---|---|---|---|---|---|---|
| बिभिन्नसडकको मएच | १८८२६३४ | ४ | ६.५६ | Royal Axix Engineering Pvt.ltd | १७५९१८४ | १७५९१८४ |
| बनटारसिंचाई आयोजना | ४९७२०० | ४ | ३.४ | श्री सिनर्जी इन्जिनियरिंग एण्ड कन्सलट्यानस प्रा.लि. काठमाण्डौ | ४८०२५० | ४८०२५० |
| साघुरीघाट पार्क | ४९५८४४ | ३ | २.००५ | युज्भी इन्जिनियरिङ सोलुसन प्रा. लि. कोटेश्वर-३२, काठमाडौं | ४८५९०० | ४८५९०० |
| बिभिन्नबाटाहरुको मएच | ३५५४३५.९ | ३ | ८.५९ | श्रीइन्फ्राडेभलपकन्सल्ट प्रा। लि।,घोराही।१५, दाङ | ३२४८७५ | ३२४८७५ |
| जग्गाबर्गिकरण | १४९५२४०.५ | ३ | ०.८१ | Cube Info Company Pvt. Ltd., Kathmandu, Nepal | १४८३००० | १४८३००० |
| तिरिन्दीखोला पुल मएच | ३००५८० | ३ | ०.७५ | Spiral Engineering & Educational Consultancy Pvt.Ltd, New Road, Pokhara | २९८३२० | २९८३२० |
| पालिका प्रोफाइल अपडेट गर्ने कार्य | - | ( | ( | फोरजी इन्जिनियरिङ्ग सोलुसन्स प्रा। ली। | ( | ३९८८९० |
| जम्मा | ५०२६९३३.८५ | | | | ४८३१५२९ | ५२३०४१९ |

तोकिएको नर्म्स र दररेटमा काम गरिएको र उक्त कार्यहरु गर्नका लागि कार्यालयमा दक्ष जनशक्ती नभएकोले परामर्स सेवावाट कार्य गर्नुपर्ने वाद्यता रहेको व्यहोरा कार्यालयले जनाएको छ। उक्त कारोवारको परीक्षणबाट देखिएका थप व्यहोरा देहाय अनसार छन् ।

९क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा (१) खण्ड (क) मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा लिन सकिने प्रावधान रहेको छ ।उक्त योजनाको डिपिआर तयारी गर्ने कार्य कार्यालयमा उपलव्ध जनशक्तिबाट गराउनु पर्नेमा उपरोक्त बमोजिम सोझै दररेट लिएर न्युन प्रतिस्पर्धाबाट गराएको छ । कार्यालयको जनशक्तिबाट हुन नसक्ने सम्वन्धमा केही उल्लेख भए गरेको देखिएन । यसबाट कार्यालयलाइ थप व्ययभार पर्न गएको छैन भन्ने आधार देखिदैन ।

९ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार रु २० लाख सम्मको परामर्शदाता छनौट गर्दा नियमानुसार सुचिक्रित परामर्शदाताहरु मध्येबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी बढी अंक प्राप्त गर्ने परामर्शदातासंग प्रतिस्पर्धाको माध्यमबाट सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले परामर्शदातासंग



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

बिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीद्वाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रस्ताव माग गरी लागत अनुमान अंक वा अत्यन्त न्युन घटी अंकमै सम्झौता गरी भुक्तानी गरेको छ । यसरी प्रतिस्पर्धा बेगर परामर्शदाता नियुक्त गरेबाट कानुनको उल्लघंन हुन जानुको साथै कार्यालयलाइ थप व्ययभार परेको छैन भन्ने अवस्था देखिन आएन ।

१ग) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ र २६ अनुसार प्रस्ताव पेश गर्दा आपसमा मिलेमतो गर्न नहुने र गरेको पुष्टी भए रद्द हुने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि डिपीआर प्रतिवेदन तयार गर्न परामर्शदाता छनौट गर्दा ३ वटासंग प्रस्ताव माग गरी छनौट गरेर कार्य गराएको भएता पनि न्युन प्रतिस्पर्धा गराइ लागत अनुमान दरमा सम्झौता गरी कार्य गराएको छ ।

१घ) यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै भवन तथा स्थानीय पूर्वाधार विकासको नर्म्सको आधार लिएर स्वीकृत बजेट बमोजिम कै रकम खर्च गरेको देखियो । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ ।

१ङ) सफ्टवेर खरिद परामर्शः गो. भौ. नं. १६ मा सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च अन्तर्गत गाउँपालकामा गरिने हरेक विकास निर्माणको कार्यमा उपभोक्तासंग गरिने योजना सम्झौतालाइ सहज गराउन वेबमा आधारित योजना प्रणालीलाइ सञ्चालन गर्न सफ्टवेर खरिद र परामर्श वापत सफ्टवेर हव नेपाल प्रा.लि वाट रू. ४,३७,७१३। खरिद गरेको साथै गाउँपालिकामा तथा वडा कार्यालयवाट प्रदान गरिने हरेक सिफारिसमा सहज गराउन सिफारिस पत्रहरू एकै प्रकृतीको साथै एकरूपता कायम गर्न वेबमा आधारित दर्ता चलानी तथा सिफारिस सफ्टवेर खरिद र परामर्श वापत सफ्टवेरवाट क्रिप्टी इनोभेसन टेक्नोलोजी प्रा.लि रू.द्ध,ठ्ज,घढ्ढ खरिद गरि भुक्तानी भएको छ । तर योजना सम्झौतालाइ सहज गराउन वेबमा आधारित योजना प्रणाली सफ्टवेर अघि पनि खरिद गरेको सञ्चालनमा नरहेको, हाल खरिद गरेका सफ्टवेरहरू पनि सञ्चालनमा नरहेको हुदा रू. ढ,छछ,ण्ण १ख्ल्ट र त्म्व सहित) खर्च भएको रकम अनियमित देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट समेत औल्याएको देखिदा कार्यालयलाइ थप व्ययभार पर्न गएको देखिएकोले जिम्मेवार व्यक्तिलाइ कानुन बमोजिम जवाफदेही तुल्याइ सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने रू. ९,५५,०००।

१च) परामर्श सेवाको लागत अनुमानः सार्वजनिक खरिद नियमावली, इण्टढ को नियम ज्ञद् मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, सोही प्रकृतीको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स आदि कुरालाइ आधार मानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले माथि उल्लेखित आधार बेगर फर्मसग दररेट माग गरि लागत अनुमान तयार गरेको कारण यस्तो कार्यलाइ निरूत्साहित गर्नुपर्ने देखिएको साथै ऐन बमोजिम कार्य गर्नुपर्ने देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट समेत औल्याएको छ ।

१छ) डिपीआर कार्यान्वयनः गाउँपालिकाको कार्यलयले यस वर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक सकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखि बजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखेकोमा कुन कार्यक्रम हो नखुलाइ एकमुष्ठ रूपमा सेवा तथा परामर्श शिर्षकमा बजेट राखेको छ । परामर्श सेवाको लागि योजनागत रूपमा नै बजेट पारित नगरी एकमुष्ठ परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्छ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट समेत औल्याएको बेरूजु रू.६१,५५,४१९/- अनियमित बेरूजु केन्द्र तथा प्रदेशमा योजना माग गर्दा



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

योजनाको मएच सुरूमै खोज्ने हुदा हरेक योजनाको मएच राख्नुपर्ने बाध्यकारी अवस्था रहेको ।पालिकाको कर्मचारी मार्फत काम गराउन समयको अभाव, दक्ष जनशक्तिको अभावका कारण वाह्य परामर्शदातासँग कार्य गराउनुपर्ने वाध्यता रहेको ।कार्यालयले नियमानुसार सूचना प्रकाशन गरी कार्यप्रकृया अगाडी वढाएको र सूचना प्रकाशन पश्चात ३ वटा फर्महरुमात्रको आवेदन परेको र गणपुरक संख्या पुगेपछी र सवै फर्महरु त्भअजलष्अबथि र ष्लबलअष्बीथि योग्य भएपछी मुल्याङ्कन समितिवाट योग्य फर्म छनौट गरी खरिद प्रकृया अगाडी वढाईएको जसले गर्दा आवश्यक कार्यक्रम सञ्चालन गर्दा कार्यालयलाइ आर्थिक व्ययभार नवढाएको देखिन्छ यसले सरकारी कारोवारमा कुनैपनि हानी नोक्सानी नभएको हुदा आगामि दिनमा एकमुस्ट प्याकेजमा सञ्चालन गर्ने प्रतिवद्दता सहित यस दफामा उल्लेखित बेरूजु रकम रू.६१,५५,४१९/- नियमित गर्ने निर्णय गरियो ।

३. **दफा ४०** माथि छलफल गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष रु. ९,३३,५५६।को औषधी एक बोलपत्रको माध्यमबाट र रु. १८,८८,६४३। मुल्यको औषधी बिभिन्न ३ बिक्रेताबाट सोझै वा दरभाउपत्रको माध्यमबाट खरिद गरेको बिबरण प्राप्त भएको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

ङ आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

ङ आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

ङ औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

ङ औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९क) औषधी खरिद टुक्राएकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल

गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक वटा बोलपत्रको माध्यमबाट र ३ वटा खरिदलाइ सोझै तथा खुल्ला दरभाउपत्र लिएर खरिद गरेको देखियो । यसप्रकार खरिद गरेको मध्ये बोलपत्रबाट भएको खरिदमा पर्याप्त र स्वस्थ्य प्रतिस्पर्धा भइ स्वीकृत लागत अनुमान भन्दा ६५ प्रतिशत घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरिएको छ भने बाकी ३ वटा सोझै दरभाउपत्र लिएर खरिद गरेका खरिदहरुमा स्वीकृत लागत अनुमान भन्दा शुन्य र न्युन प्रतिशत घटी दरमा खरिद गरेको देखियो । यसप्रकार टुक्रा गरेर खरिद कार्य गर्दा सोझै र दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा सोझै गरिएको खरिद रु. २९८५००। को ६५ प्रतिशतले हुने रकम रु. १९४०२५। र दरभाउपत्रबाट गरिएको खरिदमा क्रमशः रु. १०१५४०१। को ६१.५१ प्रतिशतले हुने रु. ६२४५७३। र रु. ६१६४८३। को ६३.९९ प्रतिशतले हुने रु.३,९४,४८७। समेत जम्मा रु.१२,१३,०८५।बढी लागत पर्न गएको रु

| खरिदको बिबरण | लागत अनुमान | खरिद बिधि | प्राप्त प्रस्ताव | प्रथम घटि प्रतिशत | आपुर्ति कर्ता | संझौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| औषधी तथा औषधीजन्य सामाग्री खरिद | २८७४७८८ | बोलपत्र | ३ | ६५ | Helping Multipurpose pvt.ltd | ९३३५५६ | ९३३५५६ |
| औषधी तथा औषधीजन्य सामाग्री खरिद | १०१५४०१ | सोझैदरभाउपत्र | ३ | ३.४९ | Balaji surgical Medicine suppliers | ९७९९२५ | ९७९९२५ |
| औषधीतथा औषधीजन्य सामाग्री खरिद | तयार नगरेको | सोझै | | | Gorakhnath herbaceuticals pvt.ltd | २९८५०० | २९८५०० |
| औषधीतथा औषधीजन्य सामाग्री खरिद | ६१६४८३ | सोझैदरभाउपत्र | ३ | १.०१ | Machchapuchre medicine supplies | ६१०२१८ | ६१०२१८ |
| जम्मा | | | | | | २८२२१९९ | |

९ख) औषधीको सदुपयोग- आर्थिक कार्यबिधी तथा वितिय उत्तरदायित्व ऐन,२०७६को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार बिभिन्न ठुलो परिमाणका औषधीहरु म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ऋषिङ गाउँपालिका
गाउँपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

देखियो । जसमध्ये मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो ।यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरुबाट असुल हुनु पर्दछ ।यसको बिबरण संलग्न अनुसुचीमा उल्लेख रहेको छ ।

अनुसुची

म्याद समाप्त भएका औषधीहरुको बिवरण

९ग) त्यसैगरी यसप्रकार खरिद गरेर वा अन्य निकायबाट बिगत र योवर्ष प्राप्त हुन आएका औषधी तथा सर्जिकल सामानहरु मध्ये बिभिन्न आइटमका धेरै परिमाण र मुल्यका औषधी तथा सर्जिकल सामानहरु आर्थिक वर्षको अन्त्यसम्ममा पनि मातहतका स्वास्थ्य चौकी तथा संस्थाहरुमा नपठाइ पालिकाको जिन्सी खातामा मौज्दात राखि राखेको व्यहोरा जानाकारी प्राप्त भयो । यसप्रकार समयमै मातहतका सम्वन्धित निकायमा नपठाइ पालिकामै थन्काएर राखि राखेबाट थप औषधी तथा सर्जिकल सामानहरु समेत म्याद सकिइ प्रयोजन बिहिन हुनसक्ने तर्फ सम्वन्धित निकाय तथा पदाधिकारीहरुको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ ।

९घ) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) र (९) मा खर्चका प्रमाण सहित लेखा राख्न लगाउनुपर्ने व्यवस्था छ।पालिकाले स्वास्थ्य तर्फको कार्यक्रम संचालन गर्दा विल भरपाई वेगर भरपाई बैठकको स्पष्ट उद्देश्य हुने गरी बैठक बस्नुपर्ने साथै कार्यक्रम सञ्चालन गर्दा कागजात मिलाई भुक्तानी दिनुपर्ने भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएकोले सुधार हुनुपर्दछ ।

९ङ) सेनिटरी प्याड - सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि २०७६ को परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरीप्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था छ । यस स्थानीय तह र अन्तर्गतका बिद्यालयले सो कार्यबिधि बमोजिम अभिलेख राखेको देखिएन । पालिकाले विद्यार्थी संख्या एकिन गरि विद्यालयको माग फारमको आधारमा मालसमान खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याड खरिद गर्दा कोटेसन मार्फत २०८०।०३।१५ मा श्री आरम्भ सेनिटरी प्याड उधोग सँग रु ९४९९२७।को सेनिटरी प्याड खरिद गरेको छ । आर्थिक वर्षको अन्त्यमा रु ५६०७३। मौज्दात बाकी रहेको छ । पालिकाले विद्यार्थी संख्याको आधारमा आवश्यक्ताको बिश्लेषण गरी समयमा खरिद गरी विद्यालयको माग बमोजिम वितरण गर्ने तर्फ ध्यान दिनुपर्नेमा खरिदको ठुलो परिमाण मौज्दात रहने गरी खरिद गरेको छ । हाल सबै बितरण भइसकेको जवाफ र भर्पाइ कार्यालयबाट प्राप्त भएको छ । भनि अनियमित भएको रकम रू.१२,१३,०८४/- भनि सुरुमा औषधीको अनुमान गरी खरिद प्रकृया वोलपत्रबाट गरिएकोमा आर्थिक वर्षको अन्तमा अनुमान गरी खरिद गरिएको औषधीले पालिकाको माग पुर्याउन नसक्ने भएको हुँदा र वोलपत्रबाट खरिद गर्दा आ.व. को अन्तमा सूचना प्रकासन लगायतको प्रकृया गर्दा ढिला हुँने हुँदा सोझो खरिद विधिवाट डिस्काउन्ट सहित खरिद गरीएको हो र आगामि दिनहरुमा औषधीको मागलाइ वैज्ञानिक ढङ्गले पुर्वानुमान गरी सुधार गर्दै लैजाने प्रतिवद्दता सहित रू.१२,१३,०८४/- नियमित गर्ने निर्णय गरियो ।

९८

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

गाउँकार्यपालिकाको कार्यालय
पोखरीथाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

४.दफा ५० माथि छलफल गर्दा २९।२०७९।७।२१ प्रदेश खर्च मापदण्ड, २०७९को दफा १६(२) बमोजिम पानी, बिजुली तथा टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस कार्यालयले माघ र फल्गुन महिनाको बिजुली महसुल बापत रु.२७४५९९। नेपाल बिधुत प्राधिकरणलाई भुक्तानी गर्दा समयमा नतिरेकोले रु.५५५२८। जरिवाना सहित भुक्तानी गरेको छ । पालिकाले नियम अनुसार समयमा महसुल तिर्नपर्नेमा नतिरेकोले जरिवाना बापतको रकम नियमसम्मत नभएको रु ५५,५२८/- भनि बरूजु भनि उल्लेख भएकोमा यस पालिका भौगोलिक हिसावले ज्यादै कठिन तथा सडक सन्जाल तथा इन्टरनेटको सहज पहुच नभएको हुनाले केहि समय ढिला भएको हो आगामि दिनहरुमा यस्ता त्रुटि तथा कमजोरि सुधार गर्दै लैजाने प्रतिवद्दता सहित रू.५५,५२८/- नियमित गर्ने निर्णय गरियो ।

५. **दफा ५५** माथि छलफल गर्दा ६०१।२०८०।३।३१ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले राष्ट्रिय मा. वि.को भवन निर्माण गर्दा पूजिगत शिर्षकबाट रु. ४,६०,३००। भुक्तानी गर्नुपर्नेमा चालु शिर्षकबाट भुक्तानी गरेकोले नियमको पालना नभएको रु ४,६०,३००/- भनि अनियमित भएकोमा वजेटलाइ सुत्र प्रणालिमा प्रविष्टि गर्दाका वखत प्राविधिक त्रुटिवस पूँजिगत शिर्षकमा हुनुपर्नेमा चालु शिर्षक तर्फ प्रविष्टी भएको तर यस भवन निर्माणवाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा यस दफामा उल्लेखित बैरूजु रू.४,६०,३००/- नियमित गर्ने निर्णय गरियो ।

६.**दफा ५७.** माथि छलफल गर्दा जिल्ला दर भन्दा बढि५४।२०८०।१।१२ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकले खाधन्न बालिको उन्नत विउ उपयोग ५० प्रतिशत अनुदान अन्तर्गत श्री विमल एग्रो फर्म एण्ड रिसर्च सेन्टर, भरतपुरबाट उन्नत मकै विउ १४४० केजी खरिद गर्दा प्रति के.जि. रु.८० को दरले लागत ईष्टीमेट बनाइ रु११५२००। को ५० प्रतिशतले रु५७६००। भुक्तानी गर्नुपर्नेमा उक्त संस्थासँग १४४० केजी मकैको विउ रु.१२० प्रति केजिको दरले खरिद गरी रु.१७२८०००। को ५० प्रतिशतले रु.८६४००। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु २८,८००/- भनि उल्लेख भएकोमा आ.व. २०७९/८० को उन्नत मकैको बीउको तनहुँ जिल्ला दररेट रु. ८० भएता पनि उक्त दररेटमा कुन कुन मकैको उन्नत जात भनी स्फेसिफिकेशन नतोकेको ।मकैको उन्नत बीउ खरिद प्रकृया सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम नै खुल्ला, स्वच्छ र प्रतिस्पर्धात्मक विधिबाट भएको । घिरिङ गाउँपालिकाको कार्यपालिकाको बैठक (बैठक संख्या २०७९/०८०/१३) बाट जिल्ला दररेटमा मकैको उन्नत बीउ कुनै संथाले उपलब्ध गराउन नसक्ने भएकोले कोटेशन अनुसार सबैभन्दा न्यूनतम मूल्यमा बीउ उपलब्ध गराउने संस्थासंग कार्य सम्झौता गरि कार्यक्रम गर्ने भनी निर्णय भएको हुदा यस दफामा रहेको बेरूजु रकम रू.२८,८००/-यसलाई हटाउनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

## आ.व २०८०/०८१ नियमित गर्ने बेरूजु

**१.दफा २६** माथि छलफल गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाको आ. व. २०८०।८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार पशु आहारा मिसन कार्यक्रम अन्तर्गत निम्नानुसार घांसको

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत



होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

विरुवाहरुमा पालिकावाट कुनै कार्यविधि निर्माण तथा निर्णयनै नगरी शत् प्रतिशत अनुदान उपलव्ध गराएको नियम सम्मत नदेखिएको रु. २६४८०० भनि बेरूजु उल्लेख भएकोमा घिरिङ गाउँपालिका तनहुँ जिल्लाको दक्षिण भेगमा अवस्थित भौगोलिक हिसावले ज्यादै विकट तथा दुर्गम भएको कारण यहाँका जनताहरूलाइ कृषिमा जागरूक बनाउनका लागि कार्यपालिका निर्णय गरि शत प्रतिशत नै छुट रकममा घाँसका विरूवा वितरण गरिएकोले आगामी दिनहरुमा यस्तो प्रकृतिका कार्यक्रम कार्यविधि वनाई नियमानुसार वितरण गर्ने एक पटकका लागि बेरुजु फछ्यौट गरिदिनुहुन अनुरोध गरिन्छ र आगामि दिनहरुमा यस्ता किसिमका त्रुटिहरु सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेख भएको रकम रू २,६४,८००/- नियमित गर्ने निर्णय गरियो ।

**२. दफा २९** माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्यिता, गुणस्तरीयता वा दिगोपना कायम हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारी सृजना गर्ने वा लाभग्राही समुहलाई सहभागी गराउने भएमा यस्ता समुहबाट कार्य गराउन सक्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोवास गर्ने वासिन्दा निर्माण कार्यको उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने तथा यसै नियमको उपनियम ३(घ) मा सम्पन्न निर्माण कार्यको मर्मत सम्भार तथा सञ्चालन उपभोक्ता समिति मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्न कार्यहरु लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत गराएको छ । यस्ता कार्यहरु हुनै सिमित उपभोक्ता समिति वा लाभग्राही समुदायले मात्र उपभोग गर्ने सेवा नभएको तथा यसको मर्मत सम्भार र सञ्चालन समेत उपभोक्ता समितिले नगर्ने तथा जटिल प्रकृतिको कार्य समेत भएकोले यस्ता कार्यहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन नगरी निर्माण गरेको अनियमित देखिएको रु ३२,९३,११८ /- भनि उल्लेख गरेकोमा घिरिङ गाउँपालिका तनहुँ जिल्लाको दक्षिण भेगमा अवस्थित भौगोलिक हिसावले ज्यादै विकट तथा दुर्गम भएको कारण टेण्डर प्रकृयावाट गर्दा पनि ठेकेदारले पनि काम सम्पन्न नगरि छोडिदिने प्रवृती रहेकोले, स्थानीय तहमा उपभोक्ता समिति नै काम गर्ने अधिकार प्राप्त संयन्त्र रहेको र उपभोक्ता समिति नै जिम्मेवार रहने गरी काम गर्ने हुनाले यस्तो प्रकृतिका काम उपभोक्ता समितिले गर्ने गरेको र हाललाइ यस्ता कार्य न्यूनिकरण गर्दै लगिएको अवस्था छ त्यसैले कार्यालयले गर्नुपर्ने काम उपभोक्ता आफैले गर्दा पनि आवश्यक प्रकृया पुरा गरी नियम संगत ढंगले कार्य गरेको हुँदा कार्यालयलाई अतिरिक्त व्ययभार नपरेको साथै आगामि दिनहरुमा यसलाइ नियमित रुपमा सुधार गर्दै लैजाने प्रतिवद्दता सहित यस दफामा उल्लेख भएको रकम रू.३२,९३,११८ /- नियमित गर्ने निर्णय गरियो ।

**३. दफा ४१** माथि छलफल गर्दा खानेपानी उपभोक्ता समितिको खानेपानी महशुल भुक्तानी गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।यस पालिकाले निम्नानुसारका १८ व्यक्ति तथा उपभोक्ता समितिको खातामा विद्युत महशुलको ६० प्रतिशत रकम भुक्तानी गरेको छ ।पालिकाले यसरी उपभोक्ता समितिलाई महशुल भुक्तानी गर्नेगरी कुनै सम्झौता गरेको देखिँदैन । खानेपानी उपभोक्ता समितिको आफ्नै कोष स्थापना गरेर सो अनुसार खर्च गर्नुपर्नेमा यसरी पालिकाबाट भुक्तानी गरेको नियमसम्मत नरहेको रु ९१०२३९/- भनि उल्लेख भएकोमा घिरिङ गाउँपालिका तनहुँ जिल्लाको दक्षिण भेगमा अवस्थित



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीघाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७४

भौगोलिक हिसावले ज्यादै विकट तथा दुर्गम पालिका हो र यहाँको छरिएको पातलो वस्तीमा पानी जस्तो आधारभुत आवश्यकताको वस्तु सहज सुलभ रूपमा उपलब्ध गराउँनु गाउँपालिकाको दायित्व रहेकोमा वस्ति नजिकै कतैपनी पिउन योग्य पानी नरहेको अवस्था छ । जसका कारण वस्तुभाउ लगायत सरसफाइ र पिउने पानी समेत अधिकांश बस्तीहरूमा समस्या रहेको विद्यमान अवस्था र यहाँका मानिसहरू विशेष गरि कुमाल, वोटे,दलित जनजाति आर्थिक रूपमा अतिनै विपन्न रहेको अवस्थामा गाउँपालिका कार्यपालिकाको निर्णयले विभिन्न लिफ्टिङ खानेपानी योजनाको जम्मा विधुत महशुलको ६० प्रतिशत उपलब्ध गराएको छ यसरी मानिसको आधारभुत आवस्यकतासग जोडिएको सम्वेदनशिल वस्तु वितरण गर्दा गाउँपालिकाको दायित्व वढेको भन्न नमिल्ने र यसले गाउँपालिकालाइ ठूलो व्ययभार पारेको देखिदैन तरपनि यो व्यवस्था पुर्णरूपमा हटाएको हुदा यस दफामा उल्लेखित बेरूजु रकम रू ९,१०,२३९/- नियमित गर्ने निर्णय गरियो ।

**४. दफा ४४** माथि छलफल गर्दा गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।पालिकाले कार्यालय सहयोगी करार सम्झौताको बुँदा नं २ मा कार्यालय परिसरको सबै काम तथा बँगैचा सरसफाई तथा गोडमेल लगायतको कार्य समेत गर्नेगरी करार सम्झौता गरेको छ । भौ नं ३७ मिति २०८०।६।१७ बाट पालिका परिसर भित्र गोडमेल तथा सरसफाई कार्य गर्न ७ जनालाई २० दिन प्रतिदिन रु ७७० र खाजा रु १०७० गरी जम्मा रु १६४७० भुक्तानी गरेको छ।पालिकाले सो कामका लागि कारार सम्झौता गरेर कर्मचारी नियुक्ति गरिसकेको अवस्थामा समान प्रकृतिको कामका लागी ज्यालादारीमा खर्च लेखेको अनियमित देखिएको रु १६४७० भनि उल्लेख गरेकोमा घिरिङ गाउँपालिका तनहुँ जिल्लाको दक्षिण भेगमा अवस्थित भौगोलिक हिसावले ज्यादै विकट तथा दुर्गम पालिका भएकोले कार्यलयमा काम गर्ने कार्यलयसहयोगी पनि नभएको अवस्था थियो त्यसैले कार्यालय परिसर वरिपरि सरसफाइ गर्नको लागि कामदार लगाइएको अवस्था थियो । त्यसैले आगामि दिनहरूमा यसलाइ हटाउने प्रतिवद्दता सहित रू १६,४७०/- नियमित गर्ने निर्णय गरियो ।

**५.दफा ४६** माथि छलफल गर्दा गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । भौचर नं ६०२ मिति २०८१।३।१७ बाट श्री बुद्धि प्रा विलाई योजना सञ्चालन खर्च भनी रु ४८,००० पालिकाले कार्यक्रम बेगर खर्च लेखेको छ । योजना सञ्चालन खर्चमा पालिकाले सो विद्यालयलाई बजेट छुट्याएको देखिँदैन भने पटके निर्णय गरी खर्च लेखेको पाइएको छ । अतः यस किसिमको खर्चको भुक्तानी गर्नु नियमावलीमा भएको व्यवस्था विपरित रहेकोले सो अनियमित देखिएको रु ४८,००० भनि उल्लेख भएकोमा यस विद्यालयमा प्राकृतिक प्रकोपले गर्दा विद्यालयको छाना उढाएको अवस्था थियो यस कार्यलाइ अगाडी नवढाउने हो भने कक्षा सञ्चालन गर्न नसकिने अवस्था रहेको, वालवालिकाले पढ्न पाउनुपर्ने नैसर्गिक अधिकार भएकोले यस कार्यलाइ अगाडी वढाइ सम्पन्न गरिएको हो । बालवालिकाको आधारभुत आवस्यकतासग जेडिएको सम्वेदनशिल वस्तु हो । गाउँपालिकाको दायित्व वढेको भन्न नमिल्ने र यसले गाउँपालिकालाइ ठूलो व्ययभार पारेको देखिदैन त्यसैले आगामि दिनहरूमा यसलाइ हटाउने प्रतिवद्दता सहित यस दफामा उल्लेख गरिएको रू. ४८,०००/- नियमित गर्ने निर्णय गरियो ।



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**६.दफा ४७** माथि छलफल गर्दा उपभोक्ता/लाभग्राही समुह मार्फत सामाग्री खरिद सार्वजनिक खरिद नियमावलीको नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ ।पालिकाले उक्त नियमावली विपरित देहाय अनुसार बिभिन्न उपभोक्ता समिति वा लाभग्राही समुह वा संस्था लगायतको माध्यमबाट बिभिन्न किसिमका सामाग्रीहरु खरिद गरी भुक्तानी दिएको छ । पालिकाको कार्यक्रम तथा बजेटमा नरहेको अवस्थामा अध्यक्षको तोक आदेश तथा कार्यपालिकाको पटके निर्णय गरी यसप्रकारको खर्च लेखेको छ । पालिकाले आफ्नो आन्तरिक आम्दानी मजबुत नभएको अवस्थामा र कार्यविधि तथा कार्यक्रमबेगरको यसकिसिमको खर्च लेख्नु  नियमसम्मत नदेखिएको रु १,३९,४४७ मा स्थानीय तहमा उपभोक्ता समिति नै काम गर्ने अधिकार प्राप्त संयन्त्र रहेको र उपभोक्ता समितिले गर्नुपर्ने काम र खरिद गर्नुपर्ने काम छुट्टा छुट्टै गर्न नमिल्ने भएकोले उपभोक्ता समितिनै जिम्मेवार रहने गरी काम गर्ने हुनाले यस्तो प्रकृतिका काम उपभोक्ता समितिले गर्ने गरेको र हाललाइ यस्ता कार्य न्यूनिकरण गर्दै लगिएको अवस्था छ त्यसैले यसले कार्यालयले गर्नुपर्ने काम उपभोक्ता आफैले गर्दा पनि आवश्यक प्रकृया पुरा गरी नियमसंगत ढंगले खरिद गरेको हुँदा कार्यालयलाइ अतिरिक्त व्ययभार नपरेको साथै आगामि दिनहरुमा यसलाइ नियमित रुपमा सुधार गर्दै लैजाने प्रतिवद्दता सहित अनियमित रकम रू १,३९,४४७/- नियमित गर्ने निर्णय गरियो ।

**७.दफा** ४८ माथि छलफल गर्दा सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बजाउने सम्वन्धी मापदण्ड, २०७८ को दफा १५ बमोजिम पानी तथा बिजुली टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस पालिकाको विभिन्न समयको महशुल निम्ननुसारको भौचरबाट भुक्तानी गरेकोमा महसुल रु.२,१०,०००। नेपाल बिधुत प्रधिकरणलाई भुक्तानी गर्दा समयमा महसुल नतिरेकोले रु. २३५७८। जरिवाना तिरेको पाइएको छ ।पालिकालाइ बढी दायित्व श्रृजना भएकोले थप व्ययभार भएको यस किसिमको खर्च अनियमित देखिएको रु २३५७८ भनि उल्लेख भएकोमा घिरिङ गाउँपालिका तनहुँ जिल्लाको दक्षिण भेगमा अवस्थित भौगोलिक हिसावले ज्यादै विकट तथा दुर्गम पालिका हो र यहाँको छरिएको पातलो वस्तीमा पानी जस्तो आधारभुत आवश्यकताको वस्तु सहज सुलभ रूपमा उपलब्ध गराउँनु गाउँपालिकाको दायित्व रहेकोमा वस्ति नजिकै कतैपनी पिउन योग्य पानी नरहेको अवस्था छ । जसका कारण वस्तुभाउ लगायत सरसफाइ र पिउने पानी समेत अधिकांश बस्तीहरूमा समस्या रहेको विद्यमान अवस्था र यहाँका मानिसहरू विशेष गरि कुमाल वोटे आर्थिक रूपमा अतिनै विपन्न रहेको अवस्थामा गाउँपालिकाको कार्यपालिका निर्णयले विभिन्न लिफ्टिङ खानेपानी योजनाको जम्मा विधुत महशुलको ६० प्रतिशत उपलब्ध गराएको छ यसरी मानिसको आधारभुत आवस्यकतासग जेडिएको सम्वेदनशिल वस्तु वितरण गर्दा गाउँपालिकाको दायित्व वढेको भन्न नमिल्ने र यसले गाउँपालिकालाइ ठूलो व्ययभार पारेको देखिदैन त्यसैले आगामि दिनहरूमा यसलाइ हटाउने प्रतिवद्दता सहित यस दफामा उल्लेखित रकम रू२३,५७८/- नियमित गर्ने निर्णय गरियो ।



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

८.दफा ४९ माथि छलफल गर्दा गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।पालिकाले यस वर्ष पालिकाभित्र रहेका प्रहरी चौकीलाई इन्धन तथा अन्य खर्चको रु. २,०६,२०० भुक्तानी गरेको छ ।पालिकाले खर्चको भुक्तानी गर्न कुनै सम्झौता गरेको छैन र सरकारी निकायनै भएपनि सो निकायलाई आफ्नै बजेट विनियोजन भएको अवस्थामा यसरी पालिकाबाट भुक्तानी दिन मिल्ने देखिँदैन ।पालिकाले सो निकायकै खातामा भुक्तानी नगरी प्रहरी कर्मचारीको खातामा भुक्तानी गरेको भौचरबाट देखिन्छ ।यसरी विशेष सम्झौता बेगर कर्मचारीकै खातामा पालिकाले भुक्तानी गरेको अनियमित रु २,०६,२०० भनि उल्लेख भएकोमा गाउँपालिका भित्र शान्ति सुरक्षा अमन चयन गर्नका लागि ३ वटा विभिन्न ठाउँमा प्रहरी चौकीको स्थापना गरिएको थियो । यस घिरिङ गाउँपालिकाको भुगोलका हिसावले तनहुँ जिल्लाकै अति कम विकसित र तनहुँको कर्णालीको रुपमा पनि चिनिएको अवस्थामा विकासले पछाडी परेको ठाउँ छरिएको वस्ति कालिगण्डकीको घाट र त्यहावाट हुने माल सामानको चोरी निकासीलाइ प्रभावकारी रुपमा रोक्नका लागि गाउँपालिकाले थौरै स्रोत साधन भएका प्रहरी चौकीलाइ कार्यापालिका निर्णयबाट इन्धन र मर्मत वापतको खर्च दिने गरी निर्णय गरेको थियो र शान्ती सुरक्षा जस्तो सम्वेदनसिल क्षेत्रमा अति न्यून रकम सहायता प्रदान गरि सोही वमोजिम भुक्तानि दिइएको अवस्था छ र यसले कार्यालयलाइ थप व्ययभार नपारेको व्यहोरा पनि जानकारी गराउँदै आगामि दिनहरूमा यसलाइ हटाउने प्रतिवद्दता सहित रू २,०६,२००/- नियमित गर्ने निर्णय गरियो ।

९.दफा ५१ माथि छलफल गर्दा प्रेस सल्लाहकार- गण्डकि प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारी सेवा सुविधा सम्बन्धि व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार गाउँपालिका अध्यक्षले स्वकिय सचिव बाहेक अन्य कुनै कर्मचारी राख्न मिल्ने व्यवस्था रहेको पाईंदैन । यस पालिकाले नियममा भएको व्यवस्था भन्दा फरक पदमा १ प्रेस सल्लाहकार नियुक्त गरी रु १६८००० खर्च लेखेको छ।नियममा नभएको यस किसिमको खर्च अनियमित देखिएको रु १,६८,००० उल्लेख भएकोमा गाउँपालिकाले कार्यपालिका निर्णय गरि पालिकाको कामकारवाहीलाई चुस्त दुरूस्त बनाउन प्रेस सल्लाहकार नियुक्ति गरि भुक्तानी गरिएको मा महालेखा परीक्षकहरूले अन्तिम प्रतिवेदनमा उल्लेख भए बमोजिम यस पदलाई खारेज गरिएको अवस्था हुनाले रू १,६८,०००/- नियमित गर्ने निर्णय गरियो ।

१०. दफा ५२ माथि छलफल गर्दा गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।भौ नं ४७ मिति २०८०।५।२५ बाट मिति २०८०।५।२१ मा करार सम्झौता गरी मोटर बाटो दैनिक रुपमा नाला सरसफाई गर्ने तथा पहिरो पन्छाउने कार्यका लागि अन्त बहादुर थापालाई २०८० असोज मसान्त सम्मका लागि मासिक रु १२००० तथा खाजा रु १००० गरी जम्मा रु १३००० भुक्तानी गर्नेगरी सम्झौता गरेकोमा आर्थिकवर्ष पुरै अवधि खर्च लेखी रु १३३४६५ भुक्तानी गरेको छ । निजलाई कुन च्यानेजको लागि नियुक्ति गरेको हो सो स्पषपाइयो । यसरी करार सम्झौता भन्दा बढी अवधि स्पष्ट कार्यविवरण बेगरको भुक्तानी अनियमित रहेको रु १३३४६५ भनि उल्लेख गरेकोमा गाउँपालिकाले निर्णय गरि पालिका भित्रका सडकहरू संरक्षणका लागि नियुक्ति गरिएको हो यसरी नियुक्ति गर्दा सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा अब पछिका दिनहरूमा यस्ता खर्च नगर्ने प्रतिवद्दता सहित यस दफामा उल्लेख भएको बेरूजु रकम रू.१,३३,४७५/- नियमित गर्ने निर्णय गरियो ।

१३

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाउँदीह्वाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

११. दफा ६९ माथि छलफल गर्दा स्वीकृत दरवन्दी वेगरको करार सेवाः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने उल्लेख छ। साथै नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड,२०७७ को दफा ४(२) मा सार्वजनिक निकायले स्वीकृत दरवन्दी भित्रको कार्यालय सहयोगी र सवारी चालक पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ती गर्न नपाइने व्यवस्था छ। पालिकाले तल उल्लिखित स्वास्थ्य चौकीहरुमा तथा सव ईन्जिनियर लगायत पदमा दरबन्दी बेगर २२ कर्मचारीहरु राखी तलब भत्ता बापत रु. ५२ लाख ४४ हजार खर्च लेखेको छ। दरबन्दी बेगर कर्मचारी नियुक्त गर्दा आर्थिक अनियमितता हुने, कर्मचारी भर्ना गर्दा योग्यता प्रणाली कायम नहुने जोखिम रहन्छ। अत: कार्यविधि तथा मापदण्ड विपरित कर्मचारी करार भर्ना गर्ने कार्य अनियमित रहेको रु.५२,४४,६१० भनि उल्लेख भएकोमा यसको हकमा स्वास्थ्य सेवा पाउने सवै नागरिकको मैलिक अधिकार मध्यनजर गर्दै गाउँपालिकामा स्विकृत स्वास्थ्य सस्थासम्म पुग्न भौगोलिक विकटताले गर्दा आधारभुत स्वास्थ्य सेवा केन्द्र २ वटा स्थानीय तहमा आधारभुत स्वास्थ्य सैवा सञ्चालन सम्वन्धी कार्यविधि २०७५, वमोजिम सञ्चालन गरिएको तथा सामुदायिक स्वास्थ्य इकाइ ३ वटा स्वास्थ्य संस्था घिरिङ गाउँपालिकाको गाँउसभाले निर्णय गरे बमोजिम दरवन्धि थप गरि ३ ७: समेत स्विकृत गरि करार सेवामा व्यवस्थापन गरि स्वास्थ्य सेवा प्रवाह गरिएको छ । साथै कर्मचरीहरू पछिल्लो समयमा कटौती गरिएको हुदा यसवाट सरकारी कारोवार गर्दा गाउँपालिकाको दायित्व वढेको भन्न नमिल्ने र यसले गाउँपालिकालाइ ठूलो व्ययभार पारेको देखिदैन त्यसैले आगामि दिनहरूमा यसलाइ न्युनीकरण गर्दे लाने प्रतिवद्दता सहित यस दफामा उल्लेखित रकम रू. ५२,४४,६१०/- नियमित गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा अ.न.मी.श्री अनिता थापाको असाधारण बिदा सम्बन्धमा स्वीकृत गर्ने निर्णय गरियो ।

. ६ प्रस्ताव नं.६ माथि छलफल गर्दा तपसिल अनुसारको बजेट सिलिङ्ग हिउँदे गाउँसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

| क.स.. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | अत्रौली पुट्टार नहर भन्टार खण्डमा मर्मत वडा नं.१ | ३,०००००.०० | |
| २ | बैडी कुलोदेखि विद्यालय जाने बाटो सुधार वडा नं.१ | २,५०,०००.०० | प्रधानमन्त्री रोजगार शिर्षकबाट खर्चहुने |
| ३ | अर्याल बेशी जाने सडक स्तरवृद्धि वडा नं.१ | १,५०,०००.०० | प्रधानमन्त्री रोजगार शिर्षकबाट खर्चहुन |
| ४ | गोफा सिहाले खेत संरक्षण वडा नं.२ | ३,०००००.०० | |
| ५ | नयाँटार नहर बाँध निर्माण वडा नं.४ | ३,०००००.०० | |
| ६ | बेलभन्ज्याङ्ग साभुङ मार्ग वडा नं.५ | २,००,०००.०० | प्रधानमन्त्री रोजगार शिर्षकबाट खर्चहुन |
| ७ | प्रधानमन्त्री रोजगार शिर्षक बजेटबाट प्रत्येक वडालाई | १/१ लाखका दरले बाटो सरफाई गर्ने | |
| ८ | नेवार समाज बैडी | १,५०.०००.०० | |



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

होम बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ९ | नेपाल मगर समाज भवन पोखरीछापमा शौचालय निर्माण | २०००००.०० | |
| १० | कृष्ण मो.मार्गको घिरिङ-२ देउरालीमा सार्वजनिक यात्रु शौचालय निर्माण | २०००००.०० | |
| ११ | नाहुँनाथ गजरकोटमा शौचालय निर्माण | १,५०,०००.०० | |
| १२ | देउराली भन्ज्याङ्ग देखि लसुने सुनाकोट बाटो मर्मत | १,५०,०००.०० | |
| १३ | नयाँ बस्ती जाने बाटोमा प्रतिक्षालय निर्माण | ८०,०००.०० | |
| १४ | जनज्योति क्याम्पस भिमाद पार्क निर्माण | १,०००००.०० | |
| १५ | राष्ट्रिय मा.वि.घिरिङ-२ जानेबाटो | १,५०,०००.०० | प्रधानमन्त्री रोजगार शिर्षकबाट खर्चहुन |
| १६ | गाउँपालिका स्तरीय खेल मैदान निर्माणका लागि D.P.R. | ५,०००००.०० | |
| १७ | शालिग्राम करीडोरको घिरिङ गा.पा.वडा नं.१ र वडा नं.४ को बीचमा पर्ने भुराखोलामा आवश्यक पुलको D.P.R. | १२,०००००.०० | |
| १८ | जे.सि.बि अडिटका लागि | २,०००००.०० | |
| १९ | घिरिङ गा.पा. भित्रका शाखा सडकमा पर्ने जमिनको लगत कट्टा | ५,०००००.०० | |
| २० | अन्य आवश्यकता अनुसार D.P.R.का लागि | १०,०००००.०० | |
| २१ | पोखरीछाप गाउँमा गोरेटोबाटो ढलान सिढी मर्मत | १,०००००.०० | प्रधानमन्त्री रोजगार शिर्षकबाट खर्चहुन |
| २२ | नेपाने खोला बाटो अत्रौलो | ५,०००००.०० | |
| २३ | पुट्टार स्कुलचोक नाला सहित बाटो स्तरवृद्धि | ५,०००००.०० | |
| २४ | भन्टार वस्ती विकास D.P.R. गर्ने | | |
| २५ | आ.व.२०८२/०८३ को रातो किताबको क्र.सं.१५१ को शिर्षकलाई **मागमा आधारित तालिम शिर्षकमा संशोधन गर्ने ।** | | |

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा राजश्व परामर्श समितिबाट प्राप्ती भई आएको आ.व.२०८३/०८४ को बजेट प्रक्षेपण तपसिल अनुसार गाउँसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | स्रोत | वार्षिक अनुमानित आय |
|---|---|---|
| १ | 0000नेपाल सरकार - समानिकरण अनुदान - नगद अनुदान | १२,१०,००,००० |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु - नगद अनुदान | १६,५०,००,००० |



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरीछाप, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

होम बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ३ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत - नगद अनुदान | ४४,००,००० |
| ४ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत - नगद अनुदान | १,३७,५०,००० |
| ५ | गण्डकी प्रदेश - समानिकरण अनुदान - नगद अनुदान | १०५००,००० |
| ६ | गण्डकी प्रदेश - विषेश अनुदान चालु - नगद अनुदान | २२,००,००० |
| ७ | गण्डकी प्रदेश - समपुरक अनुदान चालु - नगद अनुदान | ९५,००,००० |
| ८ | राजस्व बाँडफाँड - प्रदेश सरकार - राजस्व बाँडफाँड - नगद | ६५,००,००० |
| ९ | राजस्व बाँडफाँड – स्थानीय - राजस्व बाँडफाँड - नगद | १,१०,००,००० |
| १० | राजस्व बाँडफाँड - संघीय सरकार - राजस्व बाँडफाँड - नगद | ६,९५,००,००० |
| ११ | जिल्ला समन्वय समिति - नगद - नगद | ८५,००,००० |
| १२ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | १,६०,००,००० |
| १३ | आन्तरिक श्रोत - बैंक मौज्दात - नगद | ७,१५,९१,००० |
| १४ | जन सहभागिता - आन्तरिक श्रोत - नगद | २,८०,००,००० |
| जम्मा | | ५३,७४,४१,००० |

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- गाउँपालिका कार्यालयमा कार्यरत का.स.श्री खुम बहादुर थापालाई पालिका खा.पा. सम्बन्धी थप काम गरे बापत मासिक रु.४०००।०० (अक्षरुपी चार हजार ) मात्र थप सुविधा दिने निर्णय गरियो ।
- सामुदायिक अध्ययन केन्द्रका सहजकर्ता श्री टिका माया रानाले श्री चन्द्रज्योति मा.वि.मा अध्यापन समेत गर्ने गरेकोले निजलाई मासिक रु. २०००।००(अक्षरुपी दुई हजार )मात्र गाउँपालिका कार्यालयबाट थप सुविधा दिने
- यस गाउँपालिका पोखरीछापमा रहेको पुरानो गाउँपालिका भवन जिर्ण रही प्रयोगको लागि जोखिम रहेकोले उक्त भवन भत्काई खेल मैदान निर्माणको लागि जमीन प्रयोग गनेए निर्णय गरियो ।
- यस गा.पा.मा भुमि आयोगको काम र गा.पा. भित्र आवश्यक पर्ने कामको लागि १ (एक) जना अमिनका लागि विज्ञापन गर्ने निर्णय गरियो ।
- यस कार्यालयको ठेक्का नं.०१ NCB/Works /GRM/2079/080 ध्याछाप पुट्टार मोटर मार्ग निर्माण योजनाको स्तरउन्नती गर्ने कार्यको लागि सम्झौता गरेको निर्माण व्यवसायी श्री CAP Construction Pvt.Ltd.Pokhara ले निर्माण कार्य सम्पन्न गरेको भनि अन्तिम भुक्तानी माग गरेकोमा कार्यालयबाट अनुगमन हुँदा केही ठाउँमा कामको गुणस्तर कमी भएको देखिएको हुँदा उक्त कार्य सुधार गर्नका लागि कार्यालयबाट पत्राचार भएकोमा निज निर्माण व्यवसायीले उक्त कार्य DBST अन्तर्गतको कालोपत्रे भएको हुँदा काम गर्ने वित्तिकै सुरुमा बाटोको फिनिसिङ्ग नदेखिने साथै जती गाडी गुड्दै गयो त्यती नै पछि फिनिसिङ्ग हुँदै आउने भनि हाल सुधार गर्ने काम नगरेकोको र गर्मी महिना लागि पछि फिनिसिङ्ग नआएमा सुधार कार्य गर्ने भनि प्रतिवद्धताका



कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

हिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरीछाप, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

होम बहादुर थापा
अध्यक्ष

साथ निवेदन पेश गरी अन्तिम किस्ता भुक्तानी माग गरेको हुँदा सम्झौता रकमको थप १० प्रतिशत कट्टा गरी बाँकी रकम भुक्तानी दिने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

- भुमी आयोगको अभिलेख प्रविष्टिमा खटिने कर्मचारीहरुका लागि प्रति निवेदनमा संलग्न कागजात समावेश गरेबापत रु.१००।०० अक्षरुपी एक सयका दरले सुविधा उपलब्ध गराउने निर्णय गरियो ।
- घिरिङ गाउँपालिकामा रहेको कृष्ण मोटरमार्गको कालोपत्रेको कार्य ब्रदर्श कन्ट्र्याक्टीङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.ले निर्माण सम्पन्न गरेकोमा फाइनल वीलको रकममा असहमती जनाई नेप्कामा मुद्दा दर्ता गरेकोमा सो को फैसलाको लागि घिरिङ गाउँपालिकाले र ठेकेदार कम्पनीले आधा/आधा रकम व्यहोर्ने भन्नेमा घिरिङ गाउँपालिकाले व्यहोर्ने रकम रु ९०,०००।०० (अक्षरुपी अव्वे हजार ) मात्र भुक्तानी दिने निर्णय गरियो ।।
- घिरिङ गाउँपालिका वडा नं.१ र ४ को सिमानामा अवगस्थित झर्रा खोलाको Consulting service for Feasility study,Deatiled Engrineeering survey,soil Investigation,Hydrological study and detail design of jhurra khola Bridge को कार्य बढाउने निर्णय गरियो ।
- आई.ई.ई. भएका घाटहरु अमानतमा खोल्नका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- झोलुङ्गे पुल आवश्यक रहेका स्थानहरु पहिचान गरि डि.पि.आर.को काम अगाडी बढाउने साथै तसिलका स्थानहरुमा झो.पु.को माग गर्ने निर्णय गरियो ।

तपसिल,

- अलैंचे देभानदेखि भिमाद न.पा.(बरनडाँडा जोड्ने ) वडा नं.३
- ओन्टाङ्ग खोला- भिमाद वडा नं ५ जोड्ने -वडा नं.५
- नेवालखोला - रिसि-७ वडा नं.५।
- स्यालेखोला वडा नं.२
- जिताकोट -लोहडाँडा वडा नं.४
- सिप्लुङ्ग वडा नं.४
- पालिका कार्यालयमा स्टोर र क्यान्टीन बनाउनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

२८

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

होम बहादुर थापा
अध्यक्ष